ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

वर्ष २५, अङ्क २, २०८२ कार्तिक, पूर्णाङ्क २३४

GAURI MASIK

बडा दशैं तिहार नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को

हार्दिक शुभकामना !

वडाबासीहरूमा अनुरोध

❖ जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ आफ्नो टोल आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. १६

बालाजु, काठमाडौं

बडा दशैं तिहार
नेपाल सम्वत् ११४६ तथा
छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूमा अनुरोध !

❖ जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ आफ्नो टोल आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. २८

पुरानो वसपार्क, काठमाडौं

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क २, २०८२ पूर्णाङ्क २३४

कातिक २०८२

शनिवार	१	८	१५	२२	२९
आइतवार	२	९	१६	२३	३०
सोमबार	३	१०	१७	२४	गौरी
मङ्गलबार	४	११	१८	२५	गौरी
बुधवार	५	१२	१९	२६	गौरी
बिहीबार	६	१३	२०	२७	गौरी
शुक्रबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

भीष्मसँग अम्बाको शत्रुता

कुनै उपाय नदेखेपछि अत्यन्त दुःखी हुँदै अम्बाले भीष्मलाई भनिन्- 'हे गङ्गापुत्र ! तपाईंले मलाई अपहरण गरेर ल्याउनुभएको हो । अब मेरो जाने ठाउँ कहीं भएन, शाल्व र विचित्रवीर्यले पनि स्वीकार गरेनन् । त्यसैले मलाई तपाईंले नै विवाह गर्नुपर्दछ ।'

अम्बाको कुरा सुनेर भीष्मले आफूले गरेको प्रतिज्ञा सुनाए । आफ्नो प्रतिज्ञा भङ्ग गर्न असम्भव भएकोले फेरि पनि विचित्रवीर्यलाई अम्बासँग विवाह गर्न भने । विचित्रवीर्यले सुन्ने कान लाएनन् । भीष्मले भने 'हे अम्बा ! एकचोटी बरू तिमी नै शाल्व कहाँ गएर उनलाई अनुरोध गर' भन्दै शाल्वको दरवारमा पठाए । त्यसपछि विवश भएर फेरि शाल्वकहाँ गई अनुनय विनय गरिन् । शाल्वको एउटै रटान थियो- 'अर्काले जितेर लगेको वस्तु म स्वीकार गर्दिन ।' बिचरी अम्बा कहिले यता त कहिले उता गर्दागर्दै ६ वर्ष बित्यो । उनको त्यो विलाप कसले सुन्ने ? यस्तो मार पर्दा उनको मनमा ठूलो चोट पर्‍यो । उनलाई सहायता गर्ने कोही भएनन् । यो सबै घटनाका मुख्य पात्र भने भीष्म नै थिए । भीष्मको यो व्यवहारले अम्बाको मनमा प्रतिशोधको भावना भड्कियो । भीष्मसँग बदला लिन उनले कैयन् राजा महाराजालाई युद्ध गरेर भीष्मको हत्या गर्न समेत अनुरोध गरिन् । तर भीष्मको नाम सुन्नेबित्तिकै कसैले पनि युद्ध गर्ने आँट गर्न सकेनन् ।

कहीं गएर पनि केही सीप नलागेपछि अम्बाले भगवान् कार्तिकेयको ध्यान गरेर तपस्या गर्न लागिन् । घोर तपस्यापछि कार्तिकेय प्रसन्न भएर सधैं नै ताजा रहने कमलको फूलको माला अम्बाको हातमा दिएर भन्नुभयो हे अम्बा ! तिम्रो तपस्याबाट म प्रसन्न भएँ । यो माला लगाएर जसले भीष्मसँग युद्ध गर्छ उसैद्वारा भीष्मको मृत्यु हुनेछ । भगवान् कार्तिकेयबाट त्यो माला पाएपछि अम्बा धेरै खुशी भइन् । माला लगाएर लडाइ गर्नुहोस् भन्दै कयौं राजा महाराजाको ढोका ढोका चहारिन् । तर कसैले पनि महापराक्रमी भीष्मसँग दुश्मनी गर्न चाहेन ।

अन्तिममा राजा द्रुपदलाई भन्न पुगिन् । उनले पनि भीष्मसँग वैरभाव गर्न स्वीकारेनन् । निराश हुँदै अम्बाले द्रुपद राजाको ढोकामा त्यो कमलको माला झुण्ड्याएर हिँडिन् । आफ्ना कथा व्यथा मुटुभरि राखेर पीडित अम्बाले मनको पीडा एक तपस्विनी ब्राह्मणीलाई सुनाउन पुगिन् । उनीले परमवीर परशुरामलाई आफ्ना मर्का सुनाउन जाने सल्लाह दिइन् ।

त्यसपछि उनी परशुराम कहाँ गइन् । अम्बाको दुःखको सागर सुनेर 'म शाल्वलाई यो कुरा राखिदिन्छु' भन्ने आश्वासन परशुरामले दिए । तर त्यस बखतसम्म अम्बाको मन यति विक्षिप्त भैसकेको थियो कि अब शाल्वसँग विहे गर्नुभन्दा पनि भीष्मको अन्त गर्नु नै उनको प्रमुख लक्ष्य बनिसकेको थियो । त्यही कुरा उनले पुनः परशुरामलाई सुनाइन् । उनलाई पनि अम्बाको प्रस्ताव उचित लाग्यो । खासमा भीष्मकै कारण उनले दुःख पाएकी थिइन् भन्ने बुझे । क्षत्रियसँग परशुरामको वैरभाव छँदै थियो । त्यसैले उनले भीष्मलाई युद्धमा आउन चुनौती दिए । दुवै शस्त्रअस्त्र धनुर्विद्याका प्रकाण्ड ज्ञाता थिए । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

बडा दशैं, तिहार, नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूमा अनुरोध !

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. ४

बालुवाटार, काठमाडौं

सम्पादकीय

तिहारः प्रकाश, प्रेम र पहिचानको प्रतीक

तिहारको रुपमा चिनिने यमपञ्चक नेपाली समाजको दोश्रो ठूलो चाड हो । पाँच दिनसम्म मनाइने यो चाडका प्रत्येक दिनका छुट्टाछुट्टै विशेषता छन् । यसका धार्मिक, सामाजिक र सांस्कृतिक तीनै पक्षले प्रेम, करुणा र सहअस्तित्वको सन्देश दिँदै प्रकृतिप्रति सम्मानको संस्कार जागृत गराएको छ ।

यमपञ्चकको पहिलो दिन यमराजको सन्देशवाहकको रुपमा कागलाई पूजा गरी प्रकृतिको सन्देश प्रवाहक जीवप्रति आदर प्रकट गरिन्छ । कागको सन्देश सूचना र सावधानी दुवै अर्थमा लिने गरिन्छ । दोस्रो दिन कुकुर तिहारमा निष्ठा, वफादारी र सुरक्षाको प्रतीक कुकुरको पूजा गरिन्छ । कुकुर, मानिसको पहिलो साथी र यमलोकको द्वारपाल समेत हो । तेस्रो दिन गाई तिहार र लक्ष्मीपूजा गरी धन, समृद्धि र पवित्रताको आराधना गरिन्छ । घर–घरमा दीयो बालिन्छ । औंशीको अन्धकार मेटिन्छ । चौथो दिन गोरू तिहार तथा गोवर्धन पूजा मार्फत कृषिप्रधान समाजको मेरुदण्ड गोरू र पृथ्वीप्रति सम्मान प्रकट गरिन्छ । अन्तिम दिन भाइटीकामा दिदीबहिनीले भाइको दीर्घायु र समृद्धिको कामना गर्दै टीका लगाउँछिन्, जसले दिदीबहिनी र दाजुभाइबीचको प्रेम र कर्तव्य उजागर गर्दछ ।

धार्मिक दृष्टिले यो पर्व यमराज र यमकी बहिनी यमी (यमुनाको) भेटसँग सम्बन्धित छ, जसले माया, जीवन र मृत्युबीचको सन्तुलनको उदाहरण प्रस्तुत गर्दछ । यमुनाले भेटमा दाजुलाई कहिल्यै नओइलाउने मखमलीको माला र सप्तरङ्गी टीका लगाइदिन्छिन् । यमराजले पनि उनलाई सौभाग्य र दीर्घायूको वर दिन्छन् । यसरी दाजु बहिनीको आत्मीयता र हार्दिकताकलाई पनि यस पर्वले बलियो गरी जोडेको छ ।

वर्तमान समयमा तिहारको महत्त्व अझ धेरै बढेर गएको छ । यो भाइचारा, सहअस्तित्व र प्रकृति सम्मानको पर्व हो । कुकुर, गाई, गोरू, काग जस्ता जीवहरूको पूजा गरेर मानिस र प्रकृतिको सम्बन्ध अटूट बनाएको छ । दीयोको उज्यालो जस्तै भाइटीकाको आत्मीयताले हरेक चेलीको माइती अझ भरिपूर्ण बनेको छ। नेपाली समाजलाई हर्ष, माया र मानवीय मूल्यको सूत्रमा बाँध्ने यो पवित्र चाड वास्तवमै नेपाली जीवनको प्रकाश, प्रेम र पहिचानको प्रतीक हो । अस्तु,

यसभित्र

अविच्छिन्न		
संक्षिप्त महाभारत	केदारनाथ खनाल	२
सम्पादकीय		३
कविता		
तिहार पर्व	अनन्तकुमार बस्नेत	४
गीताज्ञान		
कर्मयोग	आचार्य खेमराज 'केशवशरण'	५
पर्व		
पाँच तिथिको...	प्रा.डा. ऋषिप्रसाद शर्मा	७
आध्यात्मिक वार्ता		
निर्लिप्त संसारी	श्रीमहेन्द्रनाथ गुप्त श्री'म'	११
परम्परा		
जीवित देवी : कुमारी	भागवतश्री न्यौपाने	१३
समसामयिक		
भैरवः एक सूक्ष्म ...	डा. विनु बाबा अर्याल	१७
देश दर्शन		
पोखराः मठ मन्दिरहरूको...	रवीन्द्र माकाजु	२१
पौराणिक पात्र		
महाभारतमा कुन्तीको...	मोहनप्रसाद आचार्य	२५
विशेष		
एकादशी व्रतको महत्त्व तथा...	दयासागर पराजुली	२८
गतिविधि		३४

भाइटीकाको उत्तम साइतः

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार नेपालमा यस वर्षको भाइटीकाको उत्तम साइत २०८२ कात्तिक ६ गते विहान ११:३९ मा परेको छ ।

तिहार पर्व

- अनन्तकुमार बस्नेत

धराधाम देखिन्छ हेर्दा उज्यालो
कतै छैन आकाशमा मेघ जालो
न जाडो न गर्मी शरद्को छ बेला
सबै हर्षमा छैन केही झमेला ।१।

यता खेतमा धान बाला झुलेका
उता हैमका शैलमाला खुलेका
फुले बागमा फूल चम्पा चमेली
यिनै दृश्यमा झिम्किँदैनन् परेली ।२।

दसैँ भर्खरै भव्यतामा मनायौँ
र आफन्तको साथ साँच्चै रमायौँ
शरद्को धरा भित्र छायो बहार
फुलै फूलको चाड आयो तिहार ।३।

यही पर्वमा पुज्दछन् कागलाई
र मिष्टान्न दिन्छन् उता श्वानलाई
रमा अर्चना गोरू गाई पुजिन्छ
यही पर्व वैशिष्ट्य हो यो बुझिन्छ ।४।

बले चौदिशा झल्झलाकार बत्ती
कतै दाउ कौडा र बाउन्न पत्ती
रमाएर खेलिन्छ द्यौसी र भैलो
दिँदा दक्षिणा यो पखालिन्छ मैलो ।५।

लगाएर चौतर्फ यो तेल घेरो
दिदी घुम्दछिन् भाइको तीन फेरो
सुसंस्कारको चाड आयो तिहार
बल्यो प्रेम सद्भावको यो तिहार ।६।❖

-सानोठिमी, भक्तपुर

गीता तृतीय अध्याय

कर्मयोग



-आचार्य खेमराज केशवशरण

धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ।३८।

अन्वयः धूमेन बन्नि भवेन आदर्शः च मलेन मथा अवृयते यथा उल्लेन गर्भः वृतःतथा तेन इदम् आवृतम्।

सरलार्थः धूँवाले आगो र मयलले ऐना जसरी ढाकिन्छ, जसरी जालोले गर्भलाई ढाकेको छ त्यसरी नै त्यसले ज्ञानलाई ढाकेको छ।

भावविशारदः धूँवाले आगोलाई ढाकिदिएको, धुलाले ऐनालाई छोपिदिएको र जालोले गर्भलाई बेरिदिएको दृष्टान्तले साधकलाई आश्वस्त हुने ठाउँ राखिदिएको छ। आगोको लागि धूँवाको ढकाइ र ऐनाको लागि धुलाको छोपाइ त्यति बलियो र टिकाउ हुँदैन। अग्नि प्रज्वलित भएपछि धूँवा विस्तारै हट्दछ र सतहको धुलो झारिदिनासाथ ऐना साफ भइहाल्दछ। अझ गर्भ प्रकट हुने समय भएपछि जालो पनि आफैं फुट्दछ। त्यसैगरी साधकमा परिपक्कता र जागरूकता आएपछि कामको प्रकोपबाट मुक्त हुनसक्ने संकेत समेतलाई अन्तरभूत गरेर साधकजगतमा उत्साह भर्दै भगवान्ले यो निर्देश गर्नुभएको छ। भगवत्शरणागति ग्रहण गरेर सम्पूर्ण जीवन भगवत्सेवा निम्ति अर्पण गरी भगवत्भक्तिमै नित्य रम्ने अनन्य निष्ठा जागृत भएको विरक्त साधक आफ्नो प्रवल चेतनाको बलमा कामको प्रकोपबाट आफूलाई बचाउन समर्थ हुन्छ। मनमा बसेर कामले नै प्राणीलाई नानाथरी सुखभोगका यषणाहरू जगाई दिएर अनर्थकर भवबन्धनमा पारिदिन्छ।

सांसारिक सुखैषणा बस्ने त्यो मनमा भगवत्सत्सङ्ग सुखको माधुर्यले घर जमाइसकेपछि त्यहाँ फेरि कामको केही चल्दैन। सामान्य स्थितिमा त यसले सबैका ज्ञानलाई ढाकिदिन्छ जसले गर्दा सत्ता, ज्ञान र आनन्दको प्रतिरूप सच्चिदानन्दमय आत्म समेत आफ्नो स्वरूप परिचय नपाएर जन्म मृत्युको भूमरीमा पर्न पुग्दछ। परम करूणामय भगवान् काममा पाशाभित्र परेर जन्ममृत्युको अविश्रान्त चक्करमा परेको अंशस्वरूप आत्मालाई छुट्कारा मिलोस् भनेर नै मुक्तिको द्वारस्वरूप मनुष्य जीवन दिनुहुन्छ। यस जीवनलाई वरदान बनाउन चाहनेले कामको प्रकोपबाट बच्नु पर्दछ।

अब गएको श्लोकमा तेन इदम् आवृतम् भन्नुभएकोमा यसैलाई बताउने तथ्यलाई स्पष्ट पार्दै भगवान् यस पछिको श्लोकमा भन्नुहुन्छ–

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा।
कामरूपेणा कौन्तेय दुष्पूरेणानलेन च।३९।

कौन्तियः एतेन दुष्पूरेण अनलेन च कामरुपेण ज्ञानिन नित्य वैरिणा ज्ञानम् आवृतम्।

सरलार्थः हे अर्जुन! दन्किरहेको आगोजस्तै कति नै विषयाहुति दिए पनि नभरिने कामरूप ज्ञानीजनहरूको नित्य वैरीले मानिसको ज्ञान ढाकिएको हुन्छ।

भावविशारदः सम्पूर्ण संसारी जीवनको तानावाना यही कामको सेरोफेरोमा चलिरहेको हुन्छ। विभिन्न सुखैसणाहरूमा भट्किरहने संसारी प्राणी यसैको सेरोफेरोमा जीवन गुजारिरहेको हुन्छ। कामको सेरोफेरोमै रूमल्लिरहने हुनाले उसलाई ज्ञानतर्फ रूचि नै जाग्दैन। शरीरलाई नै आफू संझेर देहात्मवादी बनी अध्यात्मविमुख स्थूल दृष्टिकै

भरमा केवल शारीरिक सुखमै हराएर उसको जीवन बित्दछ । हुन त विवेकशक्ति नष्ट गरेर अन्धो बनाइदिने काम सबैका निम्ति शत्रु नै हो तर संसारी प्राणीलाई सुखलिप्सा नै सहज कुरा हुनाले उसलाई यो काम एकदमै हितकर मित्र बराबर प्रतीत हुन्छ । परन्तु जो आध्यात्मिक दृष्टिले जागरूक बनिसकेका छन्, उनीहरूलाई पनि विवेक, वैराग्य, निस्कामना जस्ता उदात्त आध्यात्मिक सद्‌गुणहरूलाई खल्वल्याइ दिने हुनाले काम नित्य वैरी हुन्छ । आत्मानुभूति, परमात्माको साक्षात्कारको उच्चतम लक्ष्यको प्राप्तिमा अघि बढ्नेहरूका लागि त काम तगारो नै हुन्छ ।

कसैले यति भोग गरौंला अनि ज्ञानतिर लागौंला भनेर पनि कहिल्यै कल्पना गर्न सक्दैन । किनभने कति भोगेपछि चाहिँ अब भो भन्ने भनेर कल्पना गर्न खोजेको हुन्छ त्यतिले त्यो तृप्त नै हुँदैन किनकि त्यो कहिल्यै नअघाउने आगो छ । वस्तुतः साँच्ची नै भक्ति तथा ज्ञान साधनामा प्रवृत्त भइसकेकाहरूका लागि पनि र पछि ज्ञान साधनामा लाग्ने परिकल्पना गर्नेहरूका लागि पनि काम वैरी नै हुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

कातिक महिनाका पर्व तथा विदा

१ गते धन त्रयोदशी व्रत (धनतेरस)/शनि प्रदोष व्रत/तुला सङ्क्रान्ति
२ गते काग तिहार/धनवन्तरी जयन्ती
३ गते लक्ष्मी पूजा/महाकवि जन्म जयन्ती, कुकुर तिहार/नरक चतुर्दशी/सुखरात्री
४ गते तिहार विदा
५ गते गोवर्धन पूजा/गाईगोरू पूजा, म्हपूजा, तिहार/नेपाल सम्वत ११४६ प्रारम्भ
६ गते भाइटीका/किजा पूजा
७ गते तिहार विदा/संयुक्त राष्ट्रसंघ दिवस
१० गते छठ पर्व
१२ गते गोरखकाली पूजा/गोपाष्टमी
१३ गते कुष्मान्ड नवमी व्रत
१५ गते हरिबोधिनी एकादशी व्रत (तुलसी बिवाह)
१७ गते सोम प्रदोष व्रत
१९ गते पूर्णिमा व्रत/चतुर्मास व्रत समाप्ति, कार्तिक स्नान समाप्ति/गुरू नानक जयन्ती (सिख धर्मावलम्बीहरूलाई मात्र)
२५ गते महागुरू फाल्गुनन्द जयन्ती (किराँत धर्मावलम्बीहरूलाई मात्र)
२६ गते बुधाष्टमी व्रत/गोरखकाली पूजा
२९ गते उत्पतिका एकादशी व्रत

बडा दशैं, तिहार, नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरुमा अनुरोध !

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. २०
भीमसेनगोला, काठमाडौं

बडा दशैं, तिहार, नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरुमा अनुरोध !

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. २१
ज्यावहाल, काठमाडौं

पाँच तिथिहरुको चाड
उज्यालो तिहार

डा. ऋषिप्रसाद शर्मा

काग, कुकुर, गाई, गोरू तथा दाजु-भाइलाई पूजा गरेर सबै प्राणीहरूलाई सम्मान गर्न सिकाउने तिहार अँध्यारोबाट उज्यालोतिर लिएर जाने प्रकाशको उत्सव हो । जडतारूपी औंसीको अँध्यारो रातलाई चेतानारूपी बत्ती बालेर चुनौती दिने हुनाले यस चाडलाई दिपावली, दीपमाला, दीपमालिका, ज्योतिपर्व, प्रकाशपर्व आदि नामबाट पनि चिनिन्छ । फेरि हाम्रो संस्कृतिमा प्रत्येक शुभकार्यसँग धार्मिक कृत्यहरू दियो बालेर आरम्भ गरिने हुँदा यसको महत्त्व सर्वव्यापी रहेको छ । प्रकाशवर्ष तिहार पनि वसन्तोत्सवजस्तै ऋतुपरिवर्तनको खुसियालीमा मनाइने चाड हो । ऋतुहरूमा शरद् ऋतुको विशेष महत्त्व छ । त्यसैले सयौं शरद्सम्म बाँच्ने कामना गरिएको पाइन्छ 'जीवेम शरदः शतम् । यसरी वर्षा ऋतुपछि मनाइने यो ऋतु-उत्सव शरद् ऋतुको स्वागतमा रातभरि आगो बाली उज्यालोमा नाचगान गरी 'लोकोत्सव'का रूपमा मनाउन थालियो ।

यो 'लोकोत्सव' पछि कृषि-उत्सवका रूपमा परिणत भयो । पुराणयुगमा यसलाई धार्मिक चाडका रूपमा मनाइयो। कालान्तरमा शाक्तहरूले नरकासुरवध, वैष्णवहरूले रामराज्यभिषेक, बौद्धहरूले बोधप्राप्ति, जैनहरूले निर्वाण र नेवारहरूले म्हपूजासँग यस प्रकाशपर्वको नाता जोडेकाले यसको महत्त्व झन् झन् बढ्दै गएको छ ।

वस्तुतः परापूर्वकालदेखि नै अन्धकारलाई मानिसले शत्रु मान्दै आइरहेछन् । त्यसैले प्रकाशको चाहना सबैलाई हुन्छ । एउटा सानो दियोको उज्यालोमा पनि दुनियाँलाई अँध्यारोबाट उज्यालोतिर लिएर जाने शक्ति हुन्छ । महाभारतमा 'सत्य' मा आधारित दियोमा 'तप' को तेल हालेर 'दयाको बत्ती बाली' क्षमाको ज्वालाबाट अँध्यारोलाई नाश गर्न 'दीपक' बालिरहनुपर्छ भनिएको छ । प्रस्तुत श्लोकमा रातिका दीपक चन्द्र, बिहानीका दीपक सूर्य, तीनै लोकका दीपक धर्म र कुलका दीपक सुपुत्र हुन् भन्दै दीपकलाई चन्द्र, सूर्य, धर्म र सुपुत्रको संज्ञा दिइएको छ-

प्रदोषे दीपकश्चन्द्रः प्रभाते दीपको रविः ।
त्रैलोक्यदीपको धर्मः सुपुत्र कुलदीपकः ॥

यसरी बालिने बाहिरी उज्यालो दिने दियोले आत्मदीपो भव अर्थात् आफ्नो अन्तरात्मा जगाउने प्रेरणा दिँदै आफ्नो प्रकाश आफै बन्ने शिक्षा दिन्छ । अतः प्रकाशपर्व तिहार पनि कागरूपधारी यमराजलाई 'दीपदान' गरी कार्तिक त्रयोदशीदेखि सुरू हुन्छ । कार्तिक कृष्णपक्षका त्रयोदशी, चतुर्दशी, औंशी र शुक्लपक्षका प्रतिपदा र द्वितीया गरी पाँचवटा तिथिहरूमा क्रमशः कागतिहार, कुकुरतिहार, गाईतिहार, गोरूतिहार, भाइतिहार मनाइने हुँदा 'तिहार (संस्कृतमा तिथिबार र हिन्दीमा त्यौहार) नामले प्रसिद्ध छ ।

यस चाडलाई 'यमपञ्चक' पनि भन्दछन् । यसको अर्थ यमराज अथवा धर्मराज हो । यमराज साक्षात् मृत्युका देवता हुन् । हाम्रो संस्कृतिमा सहज मृत्युलाई अभिशाप होइन वरदान मानी मृत्युदेवलाई पुजिन्छ । 'गीता'ले त मृत्युलाई पुराना लुगा फेरेसरह पुरानो शरीर फेरेको मानी आत्मालाई अमर मानेको छ । मृत्युदेव यमराजले दण्डद्वारा अशुद्ध जीवनलाई शुद्ध गर्ने र नयाँ बनाउने हुनाले नै ती पूज्य छन् । प्रत्येक प्राणीलाई कर्मअनुसारको फल भोगाउने काममा खटिएका यमराज यमपञ्चकमा आफ्नो काम पाँच दिनका लागि चित्रगुप्तलाई जिम्मा लगाएर आफ्नी बहिनी यमुनाकहाँ जान्छन् भन्ने शास्त्रीय आख्यान् पाइन्छ । यसरी यमराजको सत्कार र सम्झनामा यमसँग सम्बद्ध जीव, पशु, पशुपंक्षी आदिको पूजा-आराधना गरी मनाइने पाँच दिनहरूलाई यमपञ्चक भनिन्छ । निम्नलिखित मन्त्रमा यमलाई विवश्वानका छोरा हुन् र उनी समक्ष सबैले एक दिन जानुपर्छ भनिएको छ- वैवस्वतं सङ्गमनं जनानं यमं राजानं हविषा सपर्यत ः।

पशुपंक्षीपूजा

आज मानिस मानिसका लागि नै शत्रु बने पनि पशुपंक्षीहरू मानिसका चिरन्तन साथी रहिआएका छन् । यिनीहरूको अभावमा सृष्टि सौन्दर्यहीन र पर्यावरण असन्तुलित हुन्छ । रङ्गीचङ्गी पशुपंक्षीहरू हरियो वनका गहना हुन् । स्वर्गको 'नन्दन वन' पनि पशुपंक्षीको अभावमा नरकको झाडीसरह हुन जान्छ । मानिसलाई मित्रता र समानताको पाठ सिकाउने पशुपंक्षीहरूको सहायताले गर्दा नै हाम्रा देवी देवताले यिनलाई आफ्नो वाहन बनाएका छन् । रामले हनुमान, जटायु आदि पशुपंक्षीहरूको सहायताले गर्दा नै लङ्कामाथि विजय प्राप्त गर्न सके । भगवान्ले जनताको कल्याणका लागि कहिले माछो, कहिले कछुवा, वराह, सिंह आदि पशुका रूप धारण गरेका छन् । अतः हाम्रो संस्कृतिमा पशुपंक्षीहरूको पूजा-आराधना र वन्दना गरिएको छ । गाईपूजा, गोरूपूजा र कागपूजा गरी सबैलाई सम्मान दिने र कुकुरलाई भेदभाव नगर्नेलाई पण्डित मान्ने हाम्रा सांस्कृतिक अवधारणा हुन् । अतः हामी भाइसँगै काग, कुकुर, गाई, गोरू आदिको पूजा गरी तिहार पर्व मनाउँदछौं ।

कागतिहार

तिहारका पाँच दिन (यमपञ्चक) हरूमा पहिलो कागतिहार नामले प्रसिद्ध छ । यस दिन कागलाई खाद्य पदार्थहरू दिई सम्मान गर्ने गरिन्छ । शास्त्रहरूमा काको असि यमदूतो असि भनेर कागलाई यमराजको दूत मानिएको छ । यमले कागको रूप धारण गरी आफ्ना भक्तहरूलाई 'जसले कागलाई पुज्दछ, त्यसका पूर्वजहरूलाई म सद्‌गति दिनेछु' भनेको कथा प्रसिद्ध छ । फेरि अन्नबाली नष्ट गर्ने कीरा फट्याङ्ग्रा खाई हाम्रो बालीको रक्षा गर्ने कागजातिमा नै काकभुशुण्डिजस्ता ज्ञानीको जन्म भएको छ । एउटै आँखाको नानी भएको कागले सबैलाई एउटै दृष्टिले अर्थात् भेदभावविना हेर्ने हुनाले नै 'काकन्याय' प्रसिद्ध छ ।

यस दिनलाई धन्वन्तरि त्रयोदशी पनि भनिन्छ । आयुर्वेदका प्रवर्तक धन्वन्तरि समुद्रमथनबाट निःसृत चौध रत्नहरूमध्ये 'अमृत-कलश' लिई यसै दिन प्रकट भएबाट धन्वन्तरिजयन्ती मनाइन्छ । यस दिन साँझ मूल ढोका सामू यमलाई दीपदान गरे आकस्मिक मृत्यु या अल्पमृत्यु रोक्न सकिने शास्त्रीय वचन पाइन्छ ।

यमराजको पूजा गरी मनाइने यस दिनको कथामाहात्म्य यस प्रकार छ- एक पटक यमले आफ्ना दूतहरूलाई प्राणीहरूको प्राण हरण गर्दा आफूहरूलाई सबैभन्दा बढी दया लागेको कुनै एउटा घटना सुनाउन आदेश दिए । दूतहरूले एउटा विवाह गरेको चार दिनभित्र जवान राजकुमारको मृत्युबाट नवविवाहिताको चीत्कारले आफूहरू साहै द्रवित भएको घटना सुनाउँदै यसबाट बच्ने उपायका लागि प्रार्थना गरे । त्यसपछि यमराजले आजको दिनमा यमपूजा र दीपदानबाट युवावस्थाको असामयिक मृत्युयोगलाई रोक्न सकिने उपाय बताए ।

कुकुर तिहार

यमपञ्चकको दोस्रो दिन कुकुरको पूजा गरिन्छ । युधिष्ठिरसँगै स्वर्ग गएको कुकुर जातिलाई आज पनि चोर-अपराधीहरू पत्ता लगाउन प्रयोग गरिन्छ । कुकुरप्रति विश्वास अर्थात् भक्तिभाव प्रकट गर्ने प्राचीन परम्परा रहिआएको छ । ऋग्वेदमा सस्तु माता सस्तु पिता भन्दै माता-पिता र सेवकसँगै कुकुरप्रति पनि भक्तिभाव प्रकट

गरिएको छ । त्यस्तै मज्झिमनिकाय मा 'कुकुरव्रत' अर्थात् कुकुरपूजा गरी चाड मनाउनेहरूले कुकुरहरूजस्तै व्यवहार गरी कुकुरप्रति भक्तिभाव प्रकट गरेको वर्णन यसरी व्यक्त गरिएको पाइन्छ- कुक्कुरवतिकोति समादिन्नकुक्कुरवतो सब्बं सुनककिरियं करोति । ऋग्वेदको एउटा प्रार्थनामा सेनापतिलाई कुकुरजस्तै आज्ञाकारी सेनाहरूबाट युद्ध जित्न सकियोस् भनिएको छ । कुकुर यमराजको दूत

भएको वर्णन यसरी गरिएको छ– श्यामाश्चत्वा शवलश्च प्रेषितौ यमस्य द्वौ भक्त।

यमराजको दूत कुकुरलाई तेल घसेर माला लगाई पूजा गर्दै विभिन्न खाने कुरा खान दिई कुकुरतिहार मनाइन्छ। 'नरक' का स्वामी यमराज भएकाले र श्रीकृष्णले यसै दिन नरकासुरलाई मारेकाले यस दिनलाई 'नरकचतुर्दशी' पनि भनिन्छ। फोहोरमैला पनि एक प्रकारको 'नरक' भएको हुँदा यस दिनलाई सरसफाइ गर्ने पर्वका रूपमा पनि मनाइन्छ।

गाईतिहार

हाम्रो संस्कृति र सभ्यताको उत्थान र विकासमा गोरक्षाको महत्त्वपूर्ण स्थान छ। हाम्रो राष्ट्रियताको परिचायक गाईको विश्वरूपवर्णन अथर्ववेद, ब्रह्माण्ड पुराण, स्कन्दपुराण, पद्मपुराण, भविष्यपुराण र महाभारतमा पाइन्छ। वेदमा गाईको विश्वरूपको उल्लेख यस प्रकार छ– एतद् विश्वरूप सर्वरूपं गोरूपम्। अतः पशुहरूको रक्षा गर्नुपर्छ र गाईलाई कहिल्यै मार्न हुँदैन भनिएको छ। अझ गोबर र गोमूत्रमा समेत लक्ष्मीको निवास मानिन्छ। अतः गाईतिहारको दिन बिहान गाईको पूजा गरिन्छ र बेलुकी लक्ष्मीपूजा गरी दीपावली मनाइन्छ।



शास्त्रहरूमा गौसेवाबाट मात्र 'लक्ष्मी' अर्थात् धनधान्य प्राप्ति हुन्छ भनिएको छ। फेरि गाई नै लक्ष्मीको रूप (लक्ष्मीर्या लोकपालानां धेनुरूपेण संस्थिता) भएकाले गाईतिहारमा लक्ष्मीपूजा पनि गरिन्छ। संस्कृतमा लाभात् लक्ष्मी अर्थात् लाभबाट लक्ष्मी बनेको बताइएको छ। लक्ष्मी शोभा, सौन्दर्य, सुख, सम्पन्नता, सौभाग्य, ऐश्वर्य र सृष्टिकी देवी हुन्। भाषाशास्त्रीय 'निरूक्त' ग्रन्थमा लक्ष्मी शब्दको व्युत्पत्ति यसरी गरिएको छ– लक्ष्मी लाभावा लक्षणात् अर्थात् लाभका लक्षणहरूले सम्पन्न देवी लक्ष्मी हुन्। लक्ष्मीका गुणहरूमा ज्ञान, ऐश्वर्य, सुख, आरोग्य, धनधान्य आदि प्रसिद्ध छन्। अतएव औंसीमा दीपोत्सव गरी लक्ष्मीको विशेष पूजा गरिन्छ। तीन लोक दान गरेका बलिराजाले पूर्वोक्त तीन दिनहरूमा जसले दिपावली गर्छ, त्यसलाई यमयातनाबाट मुक्ति मिली लक्ष्मी प्राप्त हुन्छ भन्ने विष्णुबाट वर पाएको कथा प्रसिद्ध छ। तसर्थ बलिराजाको सम्झनामा देउसी-भैलो खेल्ने चलन छ। अतः तिहारलाई 'देउसीपर्व पनि भनिन्छ। यसै दिन जन्मेका हाम्रा महाकवि देवकोटाको नाम लक्ष्मीप्रसाद रहेको छ।

गोरूतिहार

तराई क्षेत्रमा यातायात र ढुवानीको मुख्य साधन नै बयलगाडा रहेको छ भने कृषि उत्पादनमा मानिसले गोरूलाई जोत्नका लागि उपयोग गर्ने मात्र होइन, उसको गोबरलाई समेत खाद-मलका रूपमा प्रयोग गर्ने गर्दछन्। कुनै पनि एउटै यन्त्रले आजसम्म जोत्ने र मल-खाद दिने दुवै काम गर्न सकेको छैन। अझ गोरूको मलबाट उब्जेको अन्न स्वादिलो र स्वस्थकर हुन्छ। अतः कृषिमा गोरूको स्थान कुनै पनि यन्त्रले लिन सक्दैन। यज्ञमा जौ, तिल आदि अन्नको आवश्यकता हुन्छ जसलाई उत्पन्न गर्न गाईका सन्तान अर्थात् गोरूको आवश्यकता पर्दछ। अतः आफू जोतिएर हामीलाई धनधान्य दिलाउने परोपकारी गोरू हाम्रो संस्कृतिमा सदैव पूज्य रहिआएको छ। भगवान् शङ्करको वाहन वनेको गोरू कैलाशमा समेत पूज्य छ।

अतः कार्तिक शुक्ल प्रतिपदालाई हामीले गोरूतिहारका रूपमा मनाउँछौं। गोरूतिहारमा हलोको पूजन पनि गरिन्छ। यसै दिन गोबरको कुण्ड बनाई त्यसलाई गोवर्द्धन पर्वतको प्रतीक मानी पुजिन्छ। यस दिनलाई अन्नकूट पर्व पनि भन्दछन्। पर्यावरण संरक्षण गर्ने पर्वतहरूको महत्त्वपूर्ण भूमिका भएको हुँदा हाम्रो संस्कृतिमा पर्वतलाई पूजनीय मानिन्छ।

भाइतिहार

हाम्रो संस्कृतिमा दिदी–बहिनीहरूलाई 'दयाया भगिनी मूर्तिः' भन्दै साक्षात् मूर्ति मानिएको छ । दयाका खानी दिदी–बहिनीहरूले मृत्यु देवताको पूजा गरी आफ्ना दाजु–भाइलाई अकाल मृत्युबाट बचाएका मात्र छैनन्, अपितु यिनीहरूको आयुवृद्धि र सुस्वास्थ्यका लागि भाइटीका लगाउँदै आएका छन् । अतः कार्तिक शुक्ल द्वितीया 'भातृद्वितीया' नामले प्रसिद्ध हुन गएको छ । सधैं बेफुर्सदी दाजु यमराजलाई बहिनी यमुनाले पाँच दिनसम्म ससम्मान पालेर अन्तिम दिन पूजा गरेर बहुरङ्गी टीका लगाई यी दिनहरूमा जसले आफ्ना दिदी–बहिनीहरूको आतिथ्य स्वीकार गरी टीका लगाउँछ त्यो अकालमृत्युबाट बचोस् भनी वर मागिन् । दाजु–भाइ र दिदी–बहिनीको प्रेम अमर गराउने यस मागलाई यमले पूरा गरेपछि भाइटीकाको सुरूवात भयो र यो दिन 'यमद्वितीया' नामबाट पनि प्रसिद्ध हुन गयो । यस दिन दिदी–बहिनीहरूको अभावमा काठमाडौंको रानीपोखरीको मध्यमा अवस्थित बालगोपालेश्वर महादेवको मन्दिरमा गएर टीका लगाउने परम्परा पाइन्छ ।

यसरी पाँच दिनसम्म सम्पूर्ण जीवनजगत् र मृत्युजगत्का नरनारी, पशुपंक्षी, वन, पर्वत, मृत्युदेवता आदिलाई वनस्पतिजगत्का फूलमाला आदिबाट पूजाआजा गरी देउसी–भैलो तथा रोटेपिङ–लिङ्गेपिङ खेली एवम् सेलरोटी र मिठाई खाई–खुवाई औंसीको अँध्यारोमा झिलीमिली बत्ती बालेर मनाइने तिहार नेपालीहरूको रसिलो, मौलिक र सामाजिक चाड हो । यस अवसरमा राष्ट्रलक्ष्मीलाई शोषित, दुःखित र दीनहीनहरूका झुप्राझाप्रीसम्म पुऱ्याउने अठोट गरे मात्र तिहारको प्रकाशले राष्ट्र प्रकाशित हुनेछ र कविशिरोमणि लेखनाथले भनेजस्तै गरी सबै खुसी र सुखी हुन सक्छन् ।❖

सुखमय पारी सब संसार,
आयो रसिलो चाड तिहार ।
बन्दछ मानू सबको काम,
खुसी छन् राजा रैति तमाम ॥ ❖ –ज्ञानेश्वर,काठमाडौ

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा वडाबासी सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

वडाबासीहरूमा अनुरोध !

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖आफ्नो टोल आंगन, चोक, घर हामी आफैंले सफा सुग्घर राखौं, स्वच्छ हराभरा नगरपालिका निर्माणमा योगदान गरौं । घर अगाडिको फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामग्रीहरू नराखौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. ३

महाराजगञ्ज, काठमाडौं

निर्लिप्त संसारी

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

अघिल्लो अंकबाट क्रमशः...

जब देख्छु, पण्डितमा विवेक र वैराग्य अलिकति पनि छैन, तब ती सब पातपतिङ्गर जस्ता लाग्छन् । त्यस बेला यही देखिन्छ कि गिद्ध धेरै माथि उडिरहेको छ किन्तु उसको दृष्टि तल मसानघाटमा नै लागिरहेछ ।" देखेँ, उनमा योग र भोग दुवै छन्, साना-साना धेरै छोराछोरी थिए । डाक्टर आएको थियो । यसैबाट सिद्ध छ कि यत्रो ज्ञानी त छ, परन्तु संसारमा रहनुपरेको छ । मैले भनेँ, "तिमी कलिकालका जनक हौ । जनक यताउता दुवैतर्फ रहेर दूधको कचौरा खाली गर्थे । मैले सुनेको थिएँ, तिमी संसारमा रहेर पनि ईश्वरमा मन लगाएका छौ, यसैले तिमीलाई हेर्न आएको हुँ । मलाई केही ईश्वरसम्बन्धी कुराहरू सुनाइदेऊ ।"

"त्यसपछि वेदबाट केही अंश उनले सुनाए । भने, "यो संसार दीपक-वृक्ष जस्तो छ र प्रत्येक जीव यस वृक्षको एक-एक ओटा दीपक (बत्ती) हो ।" म जब यहाँ ध्यान गर्थें, तब बिलकुल त्यस्तै प्रकार देख्थेँ । देवेन्द्रको कुरासँग मेल खायो, यो देखेर मलाई लाग्यो, यो त बहुत ठूलो मान्छे रहेछ । मैले उनलाई व्याख्या गरिदिनका लागि भनेँ । उनले भने, "यस संसारलाई पहिले कसले जान्दथ्यो ? ईश्वरले आफ्नो महिमालाई प्रकाशित गरेर देखाउनका लागि मनुष्यको सृष्टि गरे । वृक्षको उज्यालो नहुँदाखेरि सबैतर्फ अँध्यारो हुन जान्छ, वृक्ष पनि देखिँदैन ।" यस्तै धेरै कुरा भएपछि देवेन्द्रले खुसी मानेर भने, "तपाईंले उत्सवमा आउनुपर्छ । मैले भनेँ, "त्यो त ईश्वरेच्छा हो, मेरो यो अवस्था त देखी नै रहेका छौ, उहाँले मलाई कुनै भावमा कहिले, कुनै भावमा कहिले राख्नुहुन्छ ।" देवेन्द्रले भने, "होइन, आउनैपर्छ । तर धोती र च्यादर आदि कपडा त तपाईंले लगाउनैपर्ने हुन्छ, तपाईंलाई देखेर कसैले उल्टोसुल्टो कुरा गर्‍यो भने मलाई बडो दुःख हुनेछ ।" मैले भनेँ, "यो त मबाट हुँदैन, म बाबु बन्न सक्तिनँ ।"

देवेन्द्र र सजोबाबु हाँस्न लागे । त्यसको भोलिपल्ट नै सेजोबाबुकहाँ देवेन्द्रको चिठी आयो, मलाई उत्सव हेर्न जान उनले रोकका थिए । लेखेको थियो, "जिउमा एउटा च्यादर पनि रहेन भने असभ्यता हुनेछ" (सबैजना हाँस्छन् ।)

"(महिमासँग)– एउटा अर्को छ कप्तान । संसारी त हो तर ठूलो भक्त हो । तिमीले उसलाई भेट्नु । कप्तानलाई वेद, वेदाङ्ग, गीता, भागवत यी सबै कण्ठाग्र छ । तिमीले कुराकानी गरेर हेर्नु ।"

"धेरै ठूलो भक्ति छ । म वराहनगरको बाटो भएर गइरहेको थिएँ, ऊ मलाई छाता ओढाउँथ्यो ।

आफ्नो घर लगेर ठूलो खातिर गर्‍यो, पङ्खा चलाउँथ्यो, पाउ दबाउँथ्यो र अनेक थरीका खानेकुरा, तरकारीहरू बनाएर खुवाउँथ्यो । म एक दिन उसको पाइखानामा बेहोस भएछु । ऊ त्यत्रो आचारी थियो, परन्तु पाइखानाभित्र मकहाँ आएर मेरो खुट्टा फट्याई सजिलोसँग बसाइदियो । त्यत्रो आचारी हुँदा पनि घृणा गरेन ।"

"कप्तानको ठूलो खर्च छ । उसका भाइहरू बनारसमा बस्छन्, उनीहरूको खर्च भर्नुपर्छ । उसकी स्वास्नी पहिले ता बडो कन्जुस थिई, अब यसरी फर्की कि खर्च गरेर सम्हाल्न सक्तिनँ ।"

कप्तानकी स्त्रीले भनी, "यिनलाई संसार ठीक लाग्दैन, यसैले एक चोटि मसँग घरबार त्याग्छु भनेका थिए । हो, मसँग पनि ऊ यस्तै बराबर भन्ने गर्छ । उसको वंश नै भक्त छ । उसको बाबु लडाइँमा जाने गर्थे । मैले सुनेको छु, लडाइँका बखत उनी एउटा हातले शिवपूजा गर्थे, अर्को हातले तरबार चलाउँथे । बडो आचारी मान्छे छन् । म केशव

सेनकहाँ जान्थे, यसैले यता महिनाभरि आएन, भन्छ, "केशव सेनको आचार भ्रष्ट छ, अङ्ग्रेजहरूसँग बसेर भोजन गर्छन्, अर्को जातिमा आफ्नी छोरी विवाह गरिदिएका छन्, उनको जात नै छैन ।"

मैले भनैं, "मलाई ती सब कुराहरूसँग के मतलब ? केशव सेन ईश्वरको नाम लिन्छन्, यसैले उनलाई म भेट्न जाने गर्छु । ईश्वरका कुरा सुन्नका लागि त्यहाँ जान्छु, म बयर खान्छु, बयरका काँडासँग मेरो के काम ? तैपनि मलाई कप्तानले छोडेन ।" भनिरह्यो, "तपाईं केशव सेनकहाँ किन जानुहुन्छ ?" अनि मैले केही चिढिएर भनिदिएँ, "म रूपैयाँ–पैसाका लागि त गएको छैन नि, म ईश्वरको नाम सुन्न जाने गर्छु अनि तिमी लाटसाहब कहाँ किन जान्छौ ? ऊ मेलेच्छ हो, ऊसँग कसरी बस्छौ ?" यी सब भनेपछि बल्ल उसले भन्न छोड्यो ।"

"परन्तु उसमा ठूलो भक्ति छ । जब पूजा गर्न लाग्छ, कपूर आरती गर्छ, स्तोत्र पाठ गर्छ र पूजामा मग्न हुन्छ । त्यसबखत ऊ अर्कै मान्छे हुन्छ, मानौँ तन्मय भएको हो ।"

क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

(श्रीरामकृष्ण वचनामृतबाट)

नेपालीहरूको महान पर्व बडा दसैं, तिहार, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको अवसरमा वडाबासी सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

वडाबासीहरूमा अनुरोध

- ❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
- ❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।
- ❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौं महानगरपालिका वडा नं. ३०

ज्ञानेश्वर, काठमाडौं

नेपालीहरुको दोश्रो ठूलो पर्व तिहार, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वका पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

जीवित देवी : कुमारी

– भागवतश्री न्यौपाने

ॐ रक्तां सिन्दूरवर्णां रविकिरणनिभां देहकान्तिप्रदीप्तां
कौमारीं कालरुपां प्रहसितवदनां हारमालां सुभूषाम्।
इच्छासिद्धिप्रदात्रीं दुरितभयहरां सर्वकर्मप्रपूज्यां
ध्याये तामादिशक्तिं ह्यनुपमफलदां सम्प्रदां राज्यलक्ष्मीम्॥

नेपालको सांस्कृतिक र धार्मिक परिदृश्यमा जीवित देवी कुमारीको परम्परा एक अनुपम र विश्वमै अद्वितीय धरोहर हो । यो परम्पराले नेपालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पहिचानलाई गहिरो रूपमा प्रतिबिम्बित गरेको छ । कुमारी परम्पराले हिन्दु र बौद्ध दर्शनको समन्वयलाई अझ बलियो बनाउँदै नारीशक्तिको सम्मान र आध्यात्मिकताको प्रतीक बनेको छ । कुमारीलाई देवी तलेजुको जीवित अवतार मानिन्छ, जसले हाम्रो सनातनी समाज, धर्म र राज्यबीचको गहिरो सम्बन्धलाई जीवन्त बनाइरहेको छ। कुमारी परम्पराको उत्पत्ति, चयन प्रक्रिया, धार्मिक, सांस्कृतिक महत्त्व, सामाजिक प्रभाव र आधुनिक युगमा यसको प्रासङ्गिकता विशेष महत्त्वको छ ।

हिन्दु धर्ममा "कुमारी" शब्दले अविवाहित, शुद्ध र पवित्र बालिकालाई जनाउँछ । संस्कृतमा "कुमार" शब्दमा ङीष प्रत्यय जोडिएर बन्ने यो शब्द निष्कलङ्कता र दैवी शक्तिको प्रतीक पनि हो । शाक्त परम्परामा कुमारीलाई आदिशक्ति दुर्गाको प्रत्यक्ष अवतार मानिन्छ, जसमा सृष्टि, संरक्षण र संहारका तीनै शक्तिहरूको संगम हुन्छ । देवीमहात्म्य, कालिका पुराण, कुमारीतन्त्र र कुलार्णवतन्त्र जस्ता ग्रन्थहरूमा कुमारी पूजाको महत्त्व र उनलाई सर्वव्यापी शक्तिको मूर्त स्वरूपका वर्णन गरिएको छ । यी ग्रन्थहरूले कन्यालाई "देवीरूपेण पूज्यते" अर्थात् देवीको रूपमा पूज्नुपर्ने सिद्धान्त स्थापित गर्छन् ।

प्राचीन समयमा देवी त्रिपुरासुन्दरीलाई शक्तिको प्रमुख स्रोतका रूपमा मानिन्थ्यो । त्यस बेला हरसिद्धि, यमबहा, भद्रकाली, त्रिपुरेश्वरी, बलम्बुको भवानीश्वर, भक्तपुरकी भवानी, कीर्तिपुरकी भवानी, त्रियुग भैरव आदि धार्मिक स्थलहरूको वरिपरि अहिलेको जस्तै शक्तिको स्वरूपमा देवी कुमारीको पूजा आराधना गरिन्थ्यो । यसरी देवी त्रिपुरासुन्दरीका अनुयायी शाक्त उपासकहरूले कुमारीलाई शक्तिको प्रतीकका रूपमा स्थापना गरे। अर्थात्, देवी कुमारीलाई नै देवी शक्तिका रूपमा पूजा गर्न थालियो।

समयक्रमसँगै देवी त्रिपुरासुन्दरीको शक्तिपूजाको आरम्भ भयो । त्यस समयमा अयोध्याका इक्ष्वाकु वंशका राजा हरिश्चन्द्रका पुत्र 'श्यामा' ले देवी त्रिपुरासुन्दरीलाई अयोध्या ल्याएर त्यहाँ स्थापित गरी भक्तिभावपूर्वक पूजा गरेको प्रसङ्ग ग्रन्थहरूमा पाइन्छ । त्यो समयदेखि नै कुमारीलाई शक्तिका रूपमा पूजा गर्ने परम्परा विस्तार भयो । नेपालको भूमि, विशेष गरी काठमाडौं उपत्यकामा धेरै शताब्दी अघिदेखि देवीहरू ल्याइए र यहाँ श्रीकुमारीको रूपमा स्थापित गरी शक्तिका रूपमा तिनको आराधना गरियो। त्यसकै परिणामस्वरूप नेपालमा श्रीकुमारी शक्तिको रूपमा प्रतिष्ठित भइन् ।

कौमारीलाई सप्तमातृका/अष्टमातृकाको रूपमा गणना गरिन्छ । त्यस्तै कुमारको शक्तिको रूपमा समेत लिइने भएकोले यिनको वाहन पनि मयुर भएको हो । त्यसैले कुमारी घरको झ्यालमा मयुरको चित्र राखिएको हुन्छ । कुमारी पूजा विशेष गरी नवरात्रमा प्रचलित छ । जहाँ ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा, नारसिंही र महालक्ष्मी नौ कन्याहरूलाई नवदुर्गाका रूपमा पूजिन्छ । यी नौ देवी दुर्गाका विविध शक्तिहरूको प्रतीक हुन् । यीमध्ये भगवान् कार्तिकेयकी शक्तिरूप "कौमारी" को कुमारी शब्दसँग गहिरो सम्बन्ध रहेको छ । यद्यपि, कौमारी विशिष्ट देवीरूप हो भने कुमारीलाई जीवित देवीको रूपमा पूजिन्छ। शक्ति तन्त्रअनुसार, प्रत्येक स्त्रीमा देवीको अंश हुन्छ, तर अविवाहित कन्यामा यो शक्ति शुद्ध र पूर्ण रूपमा रहेको हुन्छ ।

नेपालमा कुमारी पुजनको प्रारम्भ भक्तपुरमा तलेजु भवानीको स्थापनासँगै भएको मान्न सकिन्छ । भक्तपुरमा सर्वप्रथम तलेजु भवानी स्थापना गरेपछि मात्रै

काठमाडौँ हनुमान ढोकामा उनलाई ल्याइएको हो । मल्ल राजाको प्रतिष्पर्धाले पाटनमा पनि सिद्धि नरसिंह मल्लले तलेजु भवानीको स्थापना गरी कुमारी राखेका थिए । राजा नान्यदेवका छैटौँ पुस्ताका राजा हरिसिंहदेवले तुलजा भवानीको श्रीयन्त्र भारतको कर्नाटकबाट विक्रम सम्वत १३८१ मा नेपाल ल्याएका हुन् । तुलजा भवानीलाई श्रीयन्त्रको रूपमा पूजा गरिन्छ । तुलजा भवानीलाई तलेजु/तलेज्यू/तजेजु/तुलजा भवानी भनिन्छ भने भारतमा तलेगु भनिन्छ ।

काठमाडौं उपत्यकामा केन्द्रित छ, जहाँ काठमाडौं (राजकीय कुमारी), पाटन, भक्तपुर, सांखु, बुङमती, ठिमी र टोखा जस्ता स्थानमा कुमारीहरू पूजिन्छन् । यीमध्ये काठमाडौंको राजकीय कुमारी राष्ट्रिय रूपमा सर्वाधिक सम्मानित मानिन्छ । काठमाडौं, पाटन र भक्तपुरका कुमारीहरू विशेष रूपमा त्रिपुरासुन्दरी देवीको जीवित स्वरूपका रूपमा पूजिन्छन् ।

समय बित्दै जाँदा कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ललाई सपनामा कुमारीले तिम्रो राजभोग गर्ने समय अब सकिन लाग्यो भनेर भनिन् । तिमीले मेरो लागि स्थायी बासस्थान बनाइदिए र रथयात्रा चलाइदिए राज्यकाल १२ वर्ष बढ्नेछ भनेर पनि भनिन् । त्यसपछि राजाले वि.सं. १८१२ को फागुनमा जग हाली ६ महिनामै कुमारीघर तयार गरिदिए । साथै वि.सं. १८१३ को भदौ महिनादेखि इन्द्रजात्राको अवसर पारेर गणेश, भैरव र कुमारीको रथ पनि चलाइदिए । कुमारीको वचन अनुसार नै जय प्रकाश मल्लको राज्यकाल १२ वर्ष थपियो र वि.सं. १८२५ को इन्द्रजात्राकै दिन यिनी पृथ्वीनारायण शाहबाट सत्याच्युत गरिए ।

नेपालमा कुमारी पूजाको प्रचलन करिब २३०० वर्ष पुरानो मानिन्छ, तर यसले संस्थागत रूप १७औँ शताब्दीमा मल्ल राजवंशका राजा जयप्रकाश मल्लको पालामा प्राप्त गरेको थियो । उनको शासनकालमा शक्तिका रूपमा हरसिद्धि, भद्रकाली र त्रिपुरासुन्दरी जस्ता देवीहरूको पूजा गर्ने प्रचलन थियो । यही समयमा देवी त्रिपुरासुन्दरीको स्थानमा जीवित देवी कुमारीको पूजा गर्ने परम्परा सुरू भएको मानिन्छ, जुन परम्पराले आज पनि काठमाडौंमा राजकीय कुमारीका रूपमा निरन्तरता पाउँदै आएको छ ।

त्यसबेला मल्ल राजाहरूले आफूसँग रहेको श्रीयन्त्रमार्फत तुलजा भवानीको प्रत्यक्ष दर्शन गरी राजकाजसम्बन्धी सल्लाह गर्ने र बेलाबेलामा भवानीसँग पासा खेल्ने गर्दथे । यसै क्रममा एकपटक राजा त्रैलोक्य मल्लकी छोरी गंगादेवीले उक्त श्रीयन्त्र खोलेर हेरिन् । त्यो श्रीयन्त्र स्त्री जातिले हेर्न निषेध थियो । जसले गर्दा तुलजादेवी रिसाइन् र अबदेखि प्रत्यक्ष दर्शन नदिने बताइन् । बरू कुमारीको रूपमा आएर सरसल्लाह दिने र त्यसको लागि शाक्य कुलकी कन्यालाई कुमारी बनाउनु भनेपछि सोही कुलकी कन्यालाई तुलजा भवानीको प्रतीक मानी पूजा गर्ने चलन चलेको हो । यो परम्परा मुख्य रूपमा

कुमारी परम्पराले नेपालको राजकीय इतिहास, धार्मिक सहिष्णुता र सांस्कृतिक वैभवलाई एकसाथ जोड्छ । यो परम्परा नेपालको सांस्कृतिक पहिचानको अभिन्न अंग बनेको छ, जसलाई विभिन्न राजवंश र सरकारहरूले निरन्तरता दिँदैआएका छन् ।

कुमारी चयन प्रक्रिया नेपालको धार्मिक, सांस्कृतिक र तान्त्रिक परम्पराको एक गहन र पवित्र पक्ष हो । कुमारी चयन गर्दा उनको परिवारको धार्मिक शुद्धता र नैतिक आचरणको बारेमा पनि बुझिन्छ । कुमारी चयन गर्न १ बडागुरूज्यु (राज पुरोहित), १ आचाजु (तलेजुको पुरोहित), १ राज ज्योतिष र पञ्चबुद्धको प्रतीक स्वरूप

५ जना बज्राचार्य गुरूज्युहरू गरी ८ जनाको एक समूह हुन्छ । पञ्चबुद्धरुपी बज्राचार्यहरूले स्वागत पूजा गर्नुको अर्थ कुमारीलाई बज्रदेवी वा बज्रयोगिनी वा बसुन्धराको रूपमा मान्ने भएर हो । यस समूहले कुमारीको चयन गर्दा विभिन्न कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ ।

तलेजु भवानी स्वयंले शाक्य कुलको कन्यामा आफूलाई खोज्नु भनेकोले काठमाडौंका १८ (अठार) महाविहारका शाक्य परिवारबाट कुमारी हुने कन्याको खोज गरिन्छ । यस प्रक्रियामा बहीका शाक्य कन्याहरू योग्य मानिदैन । हुनेवाला कुमारीमा ३२ लक्षण भए नभएको हेरिन्छ । तापनि, विशेष गरी ती कन्या २ देखि ५ वर्षको, स्वस्थ, शरीरमा कुनै खोट नभएको, दाँत नझरेको, कालो कपाल, कालो आँखा, ठेउला नभएको, हिँड्न सक्ने, निर्भय र शान्त स्वभावको, रून्चे स्वभाव नभएको हुनु पर्छ ।

यी लक्षणहरूले बालिकालाई दैवी सौन्दर्य र आध्यात्मिक तेजको प्रतीकयुक्त बनाउँछन् । पुजारीले अक्षता मन्त्रपाठ गरी देवीको आवाहन गर्छन् । सबैको शिरमा अक्षता राखेपछि कन्याहरूको हाउभाउ, अनुहारको तेज, स्वभाव र भावभङ्गीको सूक्ष्म अवलोकन गरिन्छ । देवी प्रवेश भएको कन्यामा अटल दृष्टि, तेजोमय अनुहार र स्वतः प्रकट हुने तान्त्रिक महामुद्रा जस्ता संकेतहरू देखिन्छन् । यस्ता महामुद्राहरू सामान्य साधकले वर्षौं साधनापछि मात्र प्राप्त गर्न सक्छन्, तर देवीप्रविष्ट कन्यामा सहजै प्रकट हुने विश्वास छ ।

राज ज्योतिषले हुनेवाला कुमारीको जन्म कुण्डली र राष्ट्र प्रमुख (राजा भएको समयमा राजाको र हाल राष्ट्रपतिको वा राष्ट्रकै ग्रहदशा) को जन्म कुन्डली मिलाएर ग्रह मिले नमिलेको पत्ता लगाउँछन् । राज पुरोहितका श्रीमतीले हुनेवाला कुमारीको सम्पूर्ण अंगप्रत्यंग परीक्षण गर्ने गर्दछन् । त्यसपछि तलेजुका आचाजुले हुनेवाला कुमारीलाई तलेजु मन्दिर लग्दछन् । उनको अगाडि राँगो, बाख्रा, कुखुरा र हाँसको बलि दिइन्छ । वध गरिएका जनावरको बिचबाट उनलाई तलेजुको आँगःछें (आगम घर अर्थात् गुह्य घर/कोठा)मा लगेर विधिपूर्वक पूजा गरी कुमारी प्रतिस्थापन गर्ने कार्य गरिन्छ ।

तेस्रो नेत्र, रातो लुगा, रातै रंगले रंगाएको गोडा साथै अनेक अलंकारहरू र तलेजुको खड्गका साथ कुमारीलाई कुमारी घर लगिन्छ । जहाँ कुमारीलाई पञ्चबुद्धको प्रतीकको रूपमा रहेका ५ जना बज्राचार्य गुरूज्युहरूले स्वागत गर्दछन् । कुमारी घरको आसनमा राखी, तान्त्रिक विधिद्वारा तलेजुको शक्ति आवाहन गरी "नागमाला" पहिराई पूजा गरेपछि विधिवत् रूपमा कुमारीलाई तलेजुको अवतारको रूपमा स्विकार गरिन्छ । यो प्रक्रिया केवल औपचारिक नियुक्ति नभई दैवी शक्तिको मानव देहमा अवतरणको पवित्र अनुष्ठान समेत हो । हामीले प्रायः सुन्ने र भन्ने गरेको कुमारीलाई एक रात तलेजुमा राखिने र कुमारीको अगाडी १०८ राँगोको बलि दिइने कुरा भने साँचो होइन ।

कुमारीलाई तलेजु वा दुर्गाको जीवित रूप मानिन्छ, जसले शाक्त तन्त्र र देवीमहात्म्यको सिद्धान्तलाई पुष्टि गर्छ । विशेष गरी इन्द्रजात्रा, दशैं र गाईजात्रामा कुमारीको दर्शन अत्यन्त शुभ मानिन्छ । इन्द्रजात्राको रथयात्रामा कुमारीलाई नगर परिक्रमा गराइन्छ, जहाँ हजारौं भक्तजनले उनको आशीर्वाद लिन्छन् । राष्ट्रप्रमुखको रूपमा परम्परागत रूपमा राजा र हाल राष्ट्रपतिले कुमारीको टीका ग्रहण गर्ने प्रथा छ, जसले राज्यशक्ति र दैवी शक्तिको एकतालाई प्रतीकात्मक रूपमा दर्शाउँछ ।

सांस्कृतिक रूपमा, कुमारी परम्परा नेपालको अद्वितीय पहिचान हो । काठमाडौंको रथयात्राले सामूहिक उत्सव, धार्मिक सहिष्णुता र नारीशक्तिप्रतिको सम्मानलाई उजागर गर्छ । यो परम्पराले नेपाललाई "जीवित देवीको देश" को रूपमा विश्वसामु चिनाएको छ ।

लामो समयसम्म बिरामी पर्नु, रजस्वला हुने संकेत देखिनु, रून्चे स्वभाव विकसित हुनु र शरीरबाट रगत बग्नु आदि कारणले कुमारी आफ्नो पदबाट हट्छिन् । त्यसपछि उनी पूर्वकुमारी बन्छिन् । विगतमा पूर्वकुमारीसँग विवाह गर्दा अकाल मृत्यु हुने अन्धविश्वास थियो, तर आधुनिक समाजले यो धारणालाई अस्वीकार गरेको छ । धेरै पूर्वकुमारीहरूले शिक्षा, व्यवसाय र सामाजिक कार्यमा सक्रिय जीवन बिताएका छन् ।

कुमारीको जीवन सामान्य बालिकाको भन्दा केही फरक हुन सक्छ । उनीहरू लामो समयसम्म सामाजिक गतिविधि र साथीभाइबाट टाढा रहनाले पनि सामान्य जीवनमा फर्कन समय लाग्न सक्छ । पछिल्ला

वर्षहरूमा, पूर्वकुमारीहरूको शिक्षा, सामाजिक सहभागिता र आत्मविकासलाई प्राथमिकता दिइएको छ । सरकारी र गैरसरकारी संस्थाहरूले उनीहरूको पुनःस्थापनामा सहयोग पुऱ्याइरहेका छन् । कुमारी रहँदा समेत कुमारीघरमा नै शिक्षकहरू गएर अध्यापन गराउने व्यवस्था मिलाइएको छ ।

हालसम्म कतिजना कुमारीहरू भए भन्ने कुनै आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन । वि.सं. १९७९ साल अघिसम्म कुन कुन कुमारीले कति समय बिताए भन्ने रेकर्ड राख्ने चलन थिएन । वि. सं. १८३३ मा कुमारी घरको स्थापना भएयता हालसम्म सो घरमा ४३ जना कुमारी बसेको अभिलेख पाइन्छ ।

वि.सं. १९७९ मा कुमारी भएकी हिरामाया शाक्य एक वर्षमै हटेकी थिइन् । त्यसपछि चिनिशोभा शाक्य, चन्द्रादेवी शाक्य, दिलकुमारी शाक्य, नानीशोभा शाक्य, कयोमय्जू शाक्य, हर्षलक्ष्मी शाक्य, नानी माइजु शाक्य, सुनयना शाक्य, अनिता शाक्य, रश्मिला शाक्य, अमिता शाक्य, प्रीति शाक्य हुँदै मतिना शाक्य गणतन्त्रपछिको पहिलो कुमारी बनिन् । त्यसपछि प्रिति शाक्य र त्रिसना शाक्य बिदाइ भएपछि गत आश्विन शुक्ल अष्टमी अर्थात असोज १४ गते २ वर्ष ८ महिना उमेरकी आर्यतारा शाक्य नयाँ कुमारी बनेकी छिन् ।

कुमारी परम्परा नेपालको सांस्कृतिक र धार्मिक गौरव हो, जसले हिन्दु र बौद्ध आस्थाको समन्वय, नारीशक्तिको सम्मान र इतिहासको निरन्तरतालाई झल्काउँछ । यो परम्पराले प्रत्येक नारीमा दैवी शक्तिको उपस्थितिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्छ । तथापि, आधुनिक युगमा कुमारीहरूको शिक्षा, स्वतन्त्रता र सामाजिक जीवनलाई सन्तुलनमा राख्न आवश्यक छ । परम्परालाई जोगाउँदै कुमारी र पूर्वकुमारीहरूको अधिकार र कल्याण सुनिश्चित गर्नु आजको प्रमुख चुनौती हो ।

कुमारी परम्पराले नेपाललाई विश्वमा एक अनुपम पहिचान दिएको छ । मल्लकालदेखि गणतन्त्रसम्म निरन्तर रहेको यो परम्पराले नेपालको सांस्कृतिक धरोहर र धार्मिक सहिष्णुताको प्रतीकका रूपमा आफ्नो स्थान कायम राखेको छ । कुमारी केवल धार्मिक प्रतीक होइनन् उनी नेपालको जीवन्त सांस्कृतिक आत्मा र नारीशक्तिको सम्मानको प्रतीक पनि हुन् ।❖

–सेतोपुल, काठमाडौं

बडा दशैं, तिहार, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं ।

काठमाडौ महानगरपालिका

वडा नं. ३१

शान्तिनगर, काठमाडौं

बडा दशैं, तिहार, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौ महानगरपालिका

वडा नं. - १०

बानेश्वर, काठमाडौं

भैरव : एक सूक्ष्म जानकारी

– सहप्रा. डा. विनु बाबा अर्याल

भगवान् शिव वैदिक सनातन धर्मावलम्बीहरूका प्रधान देवता हुनुहुन्छ । ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, पुराण र शतपथ आदि ग्रन्थहरूमा अनेक नामहरूको उल्लेख र प्रतिपादन गरिएको छ । प्रायः कुनै पनि यस्तो पुराण छैन जसमा संक्षेपमा या विस्तारमा शिवको चरित्र र महिमाको वर्णन नगरिएको होस् । यद्यपि परमात्मा परमेश्वरलाई ईश्वर, भगवान् आदि विविध नामहरूद्वारा सम्बोधन गरिनुका साथै सृष्टि, स्थिति र संहार कार्यहरू त्यसै

परमेश्वरका ब्रह्मा, विष्णु एवम् रूद्रबाट सम्पन्न हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । तर वास्तवमा परमेश्वर अथवा परमात्मतत्त्व एउटै हो जसलाई परब्रह्म भनिन्छ । स्वयं परब्रह्म एउटै तत्त्व, सर्वव्यापी, सतत, उदित, आत्मातत्त्व छन् । यति भएर पनि उनको साधना पाँच ब्रह्म– सद्य अथवा सद्योजात्, वामदेव, तत्पुरूष, अघोर र इशान रूपमा गरिन्छ ।

शिवलाई पञ्चवक्त्र शिवको रूपमा वैदिक कालदेखि नै उपासना गरिन्थ्यो । पाँच मुख पाँच आम्नायको प्रतीक मानिन्छ । अर्थात् शिवका पाँच मुख पाँच रूपका प्रतीक हुन् । शिवको दक्षिण मुखलाई अघोर मुख (भैरव रूप)मा उपासना गरिन्छ । यसलाई दक्षिण आम्नाय तन्त्रशास्त्र र पुराणमा पनि उल्लेख गरिएको छ । शिवको पर्यायकै रूपमा भैरवलाई परमतत्त्व मानिएको छ ।

शिवलिङ्गको पूर्वमुख पृथ्वी तत्त्वस्वरूप ब्रह्ममान्यक तत्पुरूषको हो । पश्चिम मुख जलतत्त्व स्वरूप शिवात्मक सद्योजातको हो । उत्तरमुख वायु तत्त्व स्वरूप अर्धनारीश्वर वामदेवको हो । दक्षिणमुख अग्नितत्त्व स्वरूप भैरव अघोरको हो । उर्ध्वमुख चाहिँ आकाशतत्त्व स्वरूप इशानको हो ।

तन्त्रशास्त्रले शिवको अद्योमुखलाई रूद्र मानेको छ । पुराण तथा आगम शास्त्रहरूले भैरवलाई भगवान् शङ्करको ज्योतिर्मय विराटकाय अवतारको रूपमा प्रतिष्ठित पनि गरेको छ । विष्णुधर्मोत्तर ग्रन्थमा दिइएको छ कि *दक्षिण तु मुखं रौद्र भैरव तत्प्रकीर्तितम्* । भगवान् शिवको पाँचमुख मध्ये दक्षिणतर्फको मुख चाहिँ भैरवको हो । त्यसैलाई शिवको रौद्र रूप मानिन्छ ।

भैरवको आकारको सम्बन्धमा विष्णुधर्मोत्तर ग्रन्थमा ठुलो भुँडी भएको, गोलो एवम् पहेँलो ठूलाठूला आँखा भएको, मुखको दुबैतिरबाट डरलाग्दो दाह्रा निस्केको, नाक फुकेको र ठूलो प्वाल भएको, मुख आँ गरेर बाएको, कालो वर्णको अनुहार र शरीर भएको, सर्पको गहना पहिरिएको, हात्तीको छालाको लुगा लगाएको, मुण्डमाला पहिरिएको, हातमा विभिन्न हतियारहरू लिएको र पार्वतीलाई सदा सताइरहने प्रकृतिको बताइएको छ । हुन पनि यहाँ देखिएका भैरवका मूर्तिहरू सबै नै त्यस्तै– सर्पको माला लगाएको, तिखा दाँत, ठुला आँखा, चार हातमा हतियारहरू

लिएको, भयङ्कर डरलाग्दो रूप देखिन्छ । भैरव महाकाल हुन् भने यिनको शक्ति काली हुन् । अग्नि पुराणमा भैरवको आकारको प्रसङ्गमा भयङ्कर रूप, शिरमा अर्धचन्द्र धारण गरेको, लट्टा परेको, केस, तरबार, छुरी, धनुष, त्रिशुल, पाश आदि आयुधहरू धारण गरेको, हात्तीको चर्म (छाला) कुनै समयमा लगाएको, सर्पलङ्कार पहिरिएको, पाँच मुहार भएको भनी उल्लेख गरिएको छ ।

मत्स्यपुराणको एक कथा अनुसार शिवले पार्वतीलाई काली भनेकोले दुःखी भएकी पार्वतीले शिवलाई तिमी झन् कालो (महाकाल) हुनु परोस् भनी जवाफ दिएको पाइन्छ । स्कन्द पुराणका पंक्तिको अध्ययनबाट पनि स्पष्ट हुन्छ– आकाशे तारकं लिङ्गं, भूमौ हाटकेश्वरं तथा । मर्त्यलोके महाकाल, दृष्ट्वा मोक्षं लभेत् नरः ॥
महाकाल महत्त्वपूर्ण समयको तथा मृत्यु कालको पनि अधिपति देवता हुन् । त्रिमूर्तिमध्ये शिव संहारकर्ताको रूपमा मानिएको र शिवसहस्रनाममा बताइए अनुसार शिवलाई काल भनेर पुजिने परम्परा रहेबाट पनि शिवको एक रूप यम (काल) भएको स्पष्ट हुन्छ । शिव र यमको नाम यमयान्तक भएबाट पनि उक्त कुराको पुष्टि हुन्छ । भैरवलाई क्षेत्रपाल (चारपाल)को रूपमा शक्ति पीठहरूसँग सम्बन्धित मानिएको छ ।

स्कन्दपुराण अनुसार दक्षको यज्ञ कुण्डमा प्राण त्याग गरेकी सतीदेवीको मृत शरीर शिवले बोकी हिँडे । अङ्गपतन भएको ठाउँमा रक्षार्थ शिवले नै भैरवको रूप लिएर बसे । पीठहरूमा देवीको रूप निराकार थियो । (एन बनर्जी, नेपलिज आर्ट काठमाडौं डेभलपमेण्ट अफ आर्कियोलोजी, श्री ५ को सरकार, १९६६ पृ. ४९५) अतः भैरवको उत्पत्ति शक्ति पीठहरूको उत्पत्ति भएसँगै भएको पाइन्छ । देवीका पीठहरूमा साथै नेपालका शक्ति पीठहरूमा भैरव रूप शिवको पूजा अनिवार्य सम्झिन्छ ।

शिव पुराणका अनुसार अघि एकपटक शिव जस्तै सन्तान पाउँ भनी दानवराज हिरण्याक्षले शिवजीको घोर तपस्या गर्‍यो । शिवजीले आफ्ना आँखा बन्द गरेर पसिनाबाट एउटा बालक उत्पन्न गराई उसलाई दिनुभयो । त्यो बालक अत्यन्त शक्तिशाली र बलवान थियो । आँखा चिम्लेर उत्पन्न गरेका कारण अन्धो भएकाले उसको नाम अन्धकासुर रहन गयो । त्यो असुर आफ्नो बलका कारण ज्यादै घमण्डी भएर निस्क्यो । उसले एकपटक शिवजी माथि समेत आक्रमण गर्‍यो । उसलाई नियन्त्रण गर्न शिवजीले क्रोध गर्दा उनको शरीरबाट भयरव (डरलाग्दो रूप) प्रकट भयो (लिङ्ग पुराण १/९०) ।

भैरव उत्पत्ति सम्बन्धमा प्राचीन कथा अनुसार ब्रह्माले आफूलाई नै सर्वशक्तिमान ठानेर शिवको निन्दा गर्न थाले पछि शिवले ब्रह्माको अहंकारलाई तोड्न भैरवको रूप धारण गर्नुभयो । भैरवले त्यतिखेर ब्रह्माको पाँचौं मुख काटिदिनुभयो र ब्रह्मा चतुर्मुख हुन पुगे । शिवले आफ्नो पाँचौं अवतारको रूपमा भैरवको रूप धारण गरेबाट भैरवको प्राकट्य भएको मानिन्छ ।

भैरवको प्रकट मार्गकृष्ण अष्टमी तीथिमा शनिबारको साँझमा भएको हो । मार्गशीर्षे सीताष्टम्यां, कालाभैरव सन्नीधौ । जागरणं करोत्येतद्, महापापैः प्रमुच्यते ॥ (श्रीशिव महापुराण ६४) । अर्थात्, मार्गकृष्णाष्टमीको सीता अष्टमीमा भैरवको सान्निध्यमा जसले जागरण गर्छ, ऊ सबै महापापहरूबाट मुक्त हुन्छ । प्रकट हुँदा भयरव (डरलाग्दो शरीर) भएकोले सबैले भयरव भयरव भन्न थाले । जुन पछि भैरव हुन पुग्यो । शाब्दिक अर्थमा भयरव भन्नाले भयबाट रक्षा गर्ने भन्ने अर्थ लाग्दछ । सुजनको रक्षा र दुर्जनको नाश गर्ने भएकाले यिनलाई दण्डपाणी र ग्रहहरूमा शनिश्चर भनी सबैले पूजा गर्दछन् । यिनको बाहन कुकुर हो । शनिबार यिनको प्रिय बार हो । बौद्धमार्गीहरू यिनलाई बोधिसत्व अर्थात् मञ्जुश्री उग्ररूप भनेर बज्रभैरव र यमन्तक भनी पुज्दछन् ।

कालिदासको मेघदूत काव्यमा शिवलाई कैलाश निवासी भन्नुको साथै उग्र अथवा भैरवको रूपमा ताण्डव नृत्य गर्ने भनी चर्चा गरिएको छ । (हरिराम जोशी, हिन्दु देवीदेवता, प्रथम संस्करण, सूचना विभाग, २०४०, पृ. ९६) हिमवतखण्डमा बताएअनुसार बिरूपाक्ष गण्डकीको संगममा स्नान गरेर गण्डकीकै तटमा रहेको भैरवेश्वर महादेव भएको क्षेत्रमा गए । उनले ती दुई नदीको संगममा रहेको भैरव नामक महातीर्थमा प्रसन्न हुँदै स्नान गरेर जलमय त्यस महालिङ्गको पूजा गरी माघ शुक्ल चतुर्दशीका दिन भक्तिपूर्वक पूजा गरेर त्यहाँ जाग्राम बसे । ने मुनिसित त्यस तीर्थ र लिङ्गको महात्म्य सोधे । (प्रा.डा. बेणीमाधव ढकाल, हिमवतखण्ड, पेज ८४६)

नेपालको प्रामाणिक इतिहास ईशाको पाँचौं शताब्दी (ई. ४६४) देखि शुरू भएको मानिएको छ । लिच्छवी राजा मानदेवको चाँगुनारायणको स्तम्भ लेखलाई सबैभन्दा प्राचीन मानिँदै आएकोमा हालसालै पशुपति मन्दिरको दक्षिणपट्टि रहेको उन्मत्त भैरव र अष्टमातृकाको मन्दिर हरूको पुननिर्माणको क्रममा यहाँ सन् ३८१ (ई ४५९) को एउटा शिलालेख पाइएको छ । यस शिलालेखमा शिवलिङ्ग निर्माण र स्थापनाको प्रसङ्ग छ ।

अंशुवर्माको वि.सं. ६६६ को साँघा अभिलेखको प्रारम्भिक भागमा महादेवको वर्णन छ । यो अभिलेखमा शिवको रौद्र स्वरूपको स्तुति यस्तो छ– 'कानमा गहना लगाई डरलाग्दा सर्पहरूको फुङ्कारको हावाले जटा स्याल्ल ब्याल्ल भएको, भर्खरै काटिएको तात्तातो रगत चुहिरहेको, मुण्डामाला लगाएका, ठूलो स्वरले खित्का छोडेर हाँसिरहेका, हात्तीको छाला ओढेको रूपले तिमीहरूलाई रक्षा गरून् ।' यस अभिलेखमा भैरव शब्दको उल्लेख नभेटिए तापनि महादेवको जुन उग्र स्वरूपको वर्णन छ त्यही स्वरूपलाई नै पछि भैरव शब्दले सम्बोधन गरी उपासना गर्न लागिएको स्पष्ट हुन्छ ।

गोरखास्थित गोरखनाथ गुफाको वि.सं. ७५६ को अभिलेख अनुसार राजा शिवदेवले रकम छुट्याएर बज्रभैरवको पूजा अर्चनाको व्यवस्था मिलाएको देखिन्छ । बज्रभैरवले बौद्धयान र वैदिकयानको एकात्मकता झल्काउँछ । लिच्छवीकालको भैरवसँग सम्बद्ध परम्परालाई मल्लकालमा नागार्जुनमा उत्खनन गरी स्थापना गरिएको कालभैरवले प्रष्ट्याउँछ ।

गुणकामदेवले भैरवको पूजा तथा इन्द्रजात्राको परम्परा चलाए । इन्द्रजात्रा उपत्यकाका भैरवहरूको विशेष पूजाको दिन तथा भैरव मूर्तिहरूको प्रदर्शनीको दिन पनि हो । चोक–चोकमा स्थापित हरेक भैरवलाई यस दिन पूजा गरिन्छ । वंशावली अनुसार कीर्तिपुरको बाघभैरव शिवदेव तृतीय (ई ११२३ कवि)को पालामा स्थापना भएको बुझिन्छ । मल्लकालमा भैरवको मान्यतामा अझ विस्तार भयो । हनुमान ढोकामा रहेको हनुभैरव, श्वेत भैरव, इन्द्रचोकको आकाश भैरव, महाकालको महाकाल भैरवसँग यहाँको परस्पर सम्बन्ध रहेको देखाउँछ ।

इन्द्रजात्रामा हनुमान ढोकामा राखिने अष्टदशभुजा आनन्द भैरव, आनन्द भैरवी, हनुमानढोका द्वारमा रहेको विश्वरूप भैरव पनि मल्लकालको उत्कृष्ट कलाको उदाहरण हो । भूपतिन्द्र मल्लले सिद्धिलक्ष्मीका साथै भैरवको पनि स्थापना गरे । यिनैले खोमाटोल (भक्तपुर दरबार नजिकै) उग्रचण्डी र भैरवको स्थापना गरेका हुन् । लेलेको टीकाभैरव, टेकुको पचली भैरव सबैले नेपालका भैरव परम्पराको इतिहासलाई दर्शाउँछ । भक्तपुरको भैरवको परम्परा व्यापक तथा शास्त्रीय दृष्टिले विश्लेषणीय देखिन्छ ।

शैव धर्ममा लिच्छवी कालपछि मल्लकालमा पनि लिच्छवी कालकै परम्पराले निरन्तरता पाउनुका साथै शिवको विविध स्वरूपको उपासना गर्ने परम्परा विकास भएको देखिन्छ । त्यसैको प्रतिफल स्वरूप मल्लकालमा शिवशक्तिको संयुक्त रूपको उमामहेश्वर, शिवको रौद्र रूप भैरवका मूर्ति यत्रतत्र स्थापना गरिएको देखिन्छ । मल्लकालमा आइपुग्दा शिवको भैरव स्वरूपको पूजा आराधना गर्ने चलनले व्यापकता पाएको देखिन्छ । तान्त्रिक दृष्टिमा शिव उग्र र विभत्स रूपमा प्रतिबिम्बित भए । तिनै उग्ररूप शिव मूर्तिकारको हातबाट निस्केका डरलाग्दा भैरवका रूपमा खडा भए ।

मल्लकालमा भैरवको स्वरूप मन्दिरको टुँडाल, तोरण, कुना आदि विभिन्न स्थानमा थाल्यो । नेपाली कला कौशल, विभिन्न वस्तुमा भैरवको आकृति कुदिएबाट नेपाली समाजमा यसको व्यापकताको अनुमान लगाउन सकिन्छ । काठमाडौँ उपत्यकाभित्र रहेका अनगिन्ती भैरवका मूर्तिहरू मध्ये हनुमानढोकामा रहेको कालभैरव तथा श्वेत भैरव, ज्ञानेश्वरमा रहेको आनन्दभैर, पशुपतिमा रहेको उन्मत्त भैरव, ललितपुरमा रहेको वटुकभैरव, पाटनको सुन्दरी चोक र भक्तपुरको सदाशिव चोकमा रहेका विभिन्न रूपका भैरवहरू प्रसिद्ध छन् । उपत्यकामा साधा ढुङ्गा मात्रै स्थापना गरेर शिर मात्रै दर्शाएर कीर्तिमुख रूपमा सम्पूर्ण शरीर कुँदेर उन्मत्तभैरवको पूजा उपासना गर्ने प्रचलन छ ।

भैरवथानहरूमा विभिन्न भाकल गर्ने र भाकल पूरा भएमा रक्सी, समयबजी, हाँसको फूल, माछा, मासु, रोटी तथा पञ्चबली चढाई भैरवको पूजा गर्ने चलन छ । भैरवको पूजा तान्त्रिक विधिबाट गरिन्छ ।

बामन पुराणमा वर्णन गरिए अनुसार अन्धकासुर सितको युद्धको समयमा असुरराज अन्धकले महादेवको शिरमा एक जबरजस्त गधा प्रहार गर्दा महादेवको शिरको चारैतिरबाट रगतको धारा बगेको थियो । ती रगतका पाँच धाराबाट विभिन्न नामका पञ्चभैरवहरूको उत्पत्ति भयो । पूर्वतिर बगेको रगतको धाराबाट उत्पत्ति भएको भैरव विदुराज नामले प्रख्यात छ भने दक्षिणतिर बगेको रगतको धाराबाट रामराज भैरवको उत्पत्ति भयो । त्यस्तै पश्चिमतिरको रगतको धाराबाट नागराज र उत्तरतिर बगेको रगतको धाराबाट स्वच्छन्दराज भैरवको सृष्टि भएको थियो । अन्ततः बाँकी बचेको रगतको धाराबाट लम्बीराज नामको भैरवको उत्पत्ति भएको थियो । अनि यिनै भैरव रूप धारण गरी भगवान् शङ्करले अति भयङ्कर युद्ध पश्चात अन्धासुरको बध गरे । जसका कारण शिव अन्धकारी, अन्धकान्तक, अन्धकरिप आदि नामले प्रख्यात भए । यसरी वामन पुराण तथा कुर्म पुराणमा प्रयुक्त वर्णनबाट पञ्चभैरवको उत्पत्ति भएको कुराको बोध हुन्छ ।

भैरवको पञ्चमुख हुने यथार्थतिर अग्नि पुराणले पनि इङ्गित गरेको छ । नेपालका एक प्रख्यात भैरवको रूपमा मान्य पचली भैरवको प्राप्तिले उपर्युक्त पञ्चभैरवको यथार्थतातिर स्पष्ट रूपले संकेत गरेको छ । पचली शब्द पाँच लिङ्गहरूको बोधक रही भैरवको भगवान् महादेव तथा तिनका लिङ्गसितको सम्बन्ध त्यसले प्रष्ट्याएको छ ।

मत्स्येन्द्रनाथलाई भैरवको रूपमा लिइन्छ । त्यसैले प्रत्येक वर्ष मत्स्येन्द्रनाथ रथ यात्राको लागि ललितपुर मत्स्येन्द्रबहालमा मच्छिन्द्रको मन्दिर सामु कौलमार्गी कनफट्टा (कान चिरेका) जोगीहरूले एक महिषको बलि चढाउने परम्परा छ । मत्स्येन्द्रनाथलाई कामरूपबाट नेपालमा ल्याउँदा हयग्रीव, हरिसिद्धि भैरव, लुताबाहन भैरव तथा ल्याङ्गा भैरवहरूले बोकेर ल्याएको कुरा वर्णित छ ।

भगवान् पञ्चमुख शिवको दक्षिण अघोरमूर्ति भैरव रूपमा मानिएर सो रूपको सामु बलि चढाउने परम्परा यद्यपि छ । पशुपतिनाथको प्राङ्गणस्थित कीर्तिमुख भैरव कहाँ प्रत्येक महिनाको पूर्णिमामा बलि दिँदा त्यहाँदेखि नै पञ्चसूत्र बाँधेर श्रीपशुपतिनाथको मन्दिरस्थित महादेवको दक्षिण दिशाको अघोरमूर्तिसम्म पुऱ्याइन्छ । यसरी श्री पशुपतिनाथको दक्षिणमुख भैरव रूपमा मानिएर त्यसको सम्मुख पशुबली दिने परम्परा रहेकाले भैरव रूपमा मानिएको श्री मत्स्येन्द्रनाथ कहाँ पनि पशुबली दिने कुरामा सम्भावनाको आधिक्य पाइन्छ । फेरि श्रीपशुपतिनाथ र श्रीमत्स्येन्द्रनाथ दुई भिन्न देवता नभई एउटै देवता भएको कुरा महाशिवरात्रीको दिन श्रीमत्स्येन्द्रनाथले श्रीपशुपतिनाथको रूप लिने र श्रीपशुपतिनाथले श्री मत्स्येन्द्रनाथको रूप लिने परम्पराले पुष्टि हुन्छ ।

भैरव नगर, ग्राम वा राष्ट्र विशेषका संरक्षक देवता मानिन्छन् । ब्रह्माण्ड पुराण ४/१६/१२ अनुसार यिनी काशीका कोटपाल मानिन्छन् । हातमा लट्ठी र साथमा कुकुर हुने हुँदा पनि यसलाई मान्न सकिन्छ । काशीका पापिष्ट व्यक्तिहरूलाई यिनले नै उचित दण्ड दिन्छन् । यही परम्परा नेपालमा पनि पाइन्छ । काठमाडौँ हनुमानढोका प्राङ्गणस्थित कालभैरव स्थानमा मध्यकाल तथा वर्तमानको सुरुसुरुसम्म पनि अपराध कार्य गर्ने पापिष्टहरूलाई सत्यवाचा गराइन्थ्यो । यदि ती अपराधीहरूले असत्य कुरा बोलेमा तिनीहरू रगत छादेर मर्दछन् भन्ने जनविश्वास थियो ।

भैरवलाई स्थान विशेषका संरक्षक देवताको रूपमा लिइन्छ । जस्तै, आकाश भैरव इन्द्रचोक भेगका तथा कालभैरव हनुमानढोका भेगका संरक्षक देवता हुन् । पचली भैरव त्रिपुरेश्वरबाट कालिमाटी जाँदा बीच बाटोमा बागमती किनारमा अवस्थित रही सो क्षेत्रका संरक्षक भइरहेका छन् भने काठमाडौँ ज्ञानेश्वरको आनन्द भैरव त्यस इलाकाका संरक्षक देवता मानिन्छन् । सन्तान नपाएकी स्त्रीहरू सन्तान प्राप्तीको लागि उन्मत्त भैरवको पूजा गर्दछन् ।

घोरो रुद्रः पशुपतिर्दक्षिणास्यो भयानकः । सर्पमाला वृतः कण्ठे, ज्वालानेत्रो मनोहर ॥ दक्षिण मुखमा भगवान् पशुपति भयङ्कर रूप धारण गर्नुहुन्छ र उनको नाम वेदमा शर्व पनि हो । अघोरेभ्योऽथ घोरेभ्या घोरघोरतरेभ्यः । सर्वेभ्यः सर्वशर्वेभ्यो नमः ते रुद्र रुपेभयः ॥ शान्त र घोर रूपधारी, अत्यन्त भयङ्कर, प्राणीको संहार गर्ने डरलाग्दो रूप सबै रूद्र रूपलाई नमस्कार छ ।❖

-बत्तीसपुतली, काठमाडौं



पोखरा : मठ, मन्दिरको दिव्यशहर

रवीन्द्र माकाजु

पर्यटकीय नगरको रूपमा परिचित पोखरा अहिले दिव्य मठमन्दिरको शहरका रूपमा पनि विकसित हुनलागेको छ । विशेष गरी मुस्ताङको मुक्तिनाथ मन्दिर जाने बाटो सहज हुन गएपछि पोखरा घुम्न आउने धार्मिक पर्यटकको संख्या ह्वात्तै बढेको छ । मुक्तिनाथ जाने तीर्थालुहरू अहिले लाखौँको सङ्ख्यामा यहाँ आउने गर्दछन् । पोखरा घुम्न आएका तीर्थयात्रीहरू मुस्ताङको मुक्तिनाथ हुँदै म्याग्दीको गलेश्वर, वाग्लुङको कालिका भगवती गोर्खाको मनकामना र राजधानीको श्रीपशुपतीनाथ पुग्ने गरेको देखिन्छ । पोखरा आएका पर्यटकहरू माता विन्दुवासिनी मन्दिरका साथै विश्वशान्ति स्तुप, पुम्दीभुम्दीको विशाल शिवमूर्तिको दर्शनका साथै गुप्तेश्वर गुफा, भद्रकाली मन्दिर, माटेपानीको गुम्बा पुगेर पनि दर्शन गर्ने गर्दछन् ।

विन्दुवासिनी मन्दिर परिसर निकै सुन्दर र व्यवस्थित देखिन्छ । पुम्दीभुम्दी त साह्रै लोभलाग्दो र आकर्षक छ । फेवातालको विचमा रहेको तालबाराही मन्दिर दर्शन नगरी नजाने धार्मिक पर्यटक नै हुँदैनन् । सराङकोटको पञ्चमुखी गणेशको प्रतिमा लोकप्रिय बन्दैछ । वास्तवमा यहाँका मठमन्दिर सवै लोभलाग्दो र आकर्षक छन् । पोखरामा मठमन्दिर, गुम्बा विहार क्षेत्रहरू आकर्षक एवम् भव्य मात्र छैनन् व्यवस्थित र लोभलाग्दा पनि छन् । यहाँका कतिपय मठमन्दिर गुम्बा विहार सर्वगुण सम्पन्न देखिन्छन् भने कतिपय व्यवस्थित हुने क्रममा छन् । स्थानीय मठमन्दिरले नेपालीलाई मात्र होइन विश्वलाई पनि केही सन्देश दिन खोजिरहेको जस्तो लाग्छ ।

पोखरा-२२ पुम्दीभुम्दीमा शिवालय (विशाल शिवमूर्ति)को स्थापना पश्चात यो एक आकर्षक धार्मिक केन्द्र बन्नपुगेको छ । यहाँको ५१ फिट अग्लो भगवान् शिवको प्रतिमाले आकर्षित नगर्ने कोही पर्यटक हुँदैनन् । पोखरा घुम्न आउने पर्यटकहरूले यो स्थललाई पहिलो प्राथमिकतामा राखेका हुन्छन् । यहाँबाट देखिने मनोरम हिमश्रृङ्खला, फेवाताल तथा पोखरा शहरले सबैको मन लोभ्याउने गर्दछ । यहाँ रहेका चतुर्मुख शिवलिङ्ग, कुमारको प्रतिमा, भगवतीको विशाल मूर्ति थप आकर्षणको केन्द्र बन्नपुगेका छन् ।

पोखरा १८ सराङ्कोट सूर्योदय र सूर्यास्तको दृश्यका लागि निकै प्रख्यात थियो । हालै मात्र बनेको विशाल शिवालय र पञ्चमुखी गणेशको प्रतिमाका कारण यो पोखराको थप धार्मिक स्थल बन्न पुगेको छ । साराङकोट आइपुग्न अहिले केबुलकारले झनै सजिलो बनाएको छ । यस्ता धेरै मठ मन्दिरहरूले गर्दा पोखरा साच्चैनै धार्मिक दृष्टिले पनि लोभ लाग्दो गन्तव्य बन्न पुगेको छ ।

विन्दुवासिनी मन्दिर

माता विन्दुवासिनी भगवतीको मन्दिर नेपालको मध्यभाग अर्थात् गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानरपालिका वडा नं. २ मा पर्दछ । समुद्री सतहबाट करीब ३००० फिट अग्लो सानो थुम्कोमा अवस्थित यो मन्दिर प्राकृतिक सौन्दर्यका साथै आध्यात्मिक र सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यो मन्दिर नेपालकै प्रमुख शक्तिपीठ मध्येको एक हो । विन्दुवासिनी मन्दिर लाखौं, करोडौँभक्तहरूका आस्था र श्रद्धाको केन्द्र हो ।

मन्दिर हातामा अनेकौ धार्मिक महत्त्वका वृक्षहरू लगाइएका छन् । विन्दुवासिनी मन्दिर व्यवस्थापन समितिका सचिव तीर्थ श्रेष्ठका अनुसार यहाँ रहेको करिब ३ सय वर्ष पुरानो नारेश्वर र कालो जामुनको बोटको आफ्नै महत्त्व छ । यसका साथै यहाँ समी, राजवृक्ष, सिप्लेकान, आँप, लप्सी, सल्ला, धूपी, बेल, कपूर, धन्वन्तरी, अशोक, बर, पारिजात, उत्तिस, नीम, आरू, बेगमबेल्ली लगायतका बोटहरू छन् ।

यो स्थल बौद्ध, जैन, सिखहरूका लागि पनि दर्शनीय मानिन्छ । नेपाली धर्म संस्कृतिको अनुपम प्रतीक यस मन्दिर सम्पूर्ण जातजातिको मिलनबिन्दु जस्तो लाग्छ । विदेशी पर्यटकहरू समेत नेपालीहरूले गर्ने पूजाअर्चनाका बारे जान्न खोज्छन् । यहाँका दैवीशक्तिबारे उत्सुकता राखी नेपाली संस्कृति र सभ्यताको अध्ययन गर्न खोज्छन् । तसर्थ यस्ता स्थललाई विशुद्ध आध्यात्मिक र सांस्कृतिक धरोहरका रूपमा जीवित राख्नुपर्दछ किनकि यिनीहरू राष्ट्रको धरोहर हुन् ।

समस्त देवीदेवताको वास रहेको विन्दुवासिनी मन्दिरमा सधैँ चहलपहल देख्न पाइन्छ । ठुलाठुला पर्वहरूमा यहाँ विशाल भिँड हुने गर्दछ । यस स्थलले भौतिकवादीलाई समेत आकर्षण गर्ने गर्दछ । बजार बीचमा सानो थुम्को जहाँबाट पोखराको मनोरम दृश्य, माछापुच्छे अन्नपूर्ण, मनास्लु आदि हिमश्रृङ्खला र पोखरा उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ । मानव मिलन केन्द्रको रूपमा यसले आफूलाई स्थापित गरेको छ । नेपाल सरकारले पनि २०४५ साल असोज ३० गते विन्दुवासिनी मन्दिरको हुलाक टिकट प्रचनलमा ल्याएबाट विन्दुवासिनी मन्दिरको महिमा र महत्त्व अझ बढेको छ । माता विन्दुवासिनी देवीको उत्पत्ति कहिले र कहाँ भयो भन्ने विषयमा अनेकौ मतमतान्तर भए तापनि यसको स्थापनाका विषयमा सबैको प्रायः एउटै मत रहेको इतिहासकार डा. दिलबहादुर क्षेत्री बताउनु हुन्छ । डा. क्षेत्रीका अनुसार विन्दुवासिनी देवीका विषयमा अनेकौं रोचक किंवदन्तीहरू छन् । जसअनुसार पहिलो पाँगाका राजा खड्गवम मल्ल विन्दुवासिनी देवीका परम भक्त थिए । उनलाई देवी भवानीले सपनामा दर्शन दिइन् । अतः राजा खड्गवम आफ्ना आठ पहरिया र भरियालाई साथमा लिई विन्ध्याचल पर्वत पुगे । अनि विन्ध्यवासिनीको चैतन्यमूर्तिलाई नेपाल ल्याउन त्यहाँका राजासित मनसाय व्यक्त गरे । शुरूमा तिनीहरूले देवीको मूर्ति दिन चाहेनन् । लौ भै गयो भनी राजा खड्गबम नेपाल फर्कने गरी बाटो लागे । त्यसै राति विन्ध्या प्रदेशका राजालाई देवीले सपनामा दर्शन दिइन् र भनिन्– 'पहाड (नेपाल) बाट आएका राजा मेरो परम भक्त हुन् । उनलाई रित्तो हात फर्काउन हुन्न । मैले नै उनलाई डाकेको हुँ ।'

बिहान उज्यालो हुने बित्तिकै विन्ध्या नरेशले राजा खड्गवम मल्ललाई डाक्न पठाए । राजा प्रसन्न, हर्षित भै दरबारमा पुगे । श्रद्धापूर्वक अनुष्ठान सम्पन्न गरिसकेपछि त्यो मूर्ति नरेशले भावपूर्ण वातावरणमा खड्ग बमलाई हस्तान्तरण गरे । त्यहाँबाट चारजना भरियाहरू र आठ

महिमा भैरहेको अवस्थामा अलौकिक शक्तिस्वरूपा मानी भगवतीको दर्शन गरी फर्केछन् । शक्तिको वर्णन सुनी देवीको आराधना गर्ने मनमा संकल्प गरे । विन्ध्याञ्चल पर्वतबाटै देवीको मूर्ति साथ ल्याउने विचार गरी खोज तलास गर्दा चाहे जस्तो पाएनन् । राजा सिद्धिनारायण त्यसै फर्केछन् ।

फर्की दरवारमा आफ्ना भाइ, भारदारहरूसँग शक्तिको बारेमा चर्चा गरे । भाइहरू पनि त्यसबाट प्रभावित भई उक्त देवीलाई आफ्नो राज्यमा ल्याई स्थापित गराउन उत्सुक भए । मन्त्रीलाई देवीको मूर्ति ल्याउन विन्ध्याञ्चल पर्वत पठाए । त्यहाँ पुगी पुजारीसँग आफ्ना राजाको ईच्छा जाहेर गर्दा पुजारीले मन्त्रीलाई "हामीसँग त्यस्तो अर्को मूर्ति छैन' भनी जवाफ दिए । बेलुका सपनामा पुजारीलाई मूर्ति लिन आउनेलाई वन्दोवस्त गरिदिएनौ भने राम्रो हुने छैन भनी संकेत भएछ । भोलि पल्ट बिहान पुजारीले मूर्तिको व्यवस्था गरी पठाएछन् ।

डोलामा राखी ल्याइएको उक्त मूर्ति पोखरा (हाल स्थापित गरिएको स्थान)मा ल्याई पुऱ्याए । मूर्ति त्यहाँबाट हलचल नगरेकाले सो खबर राजा कहाँ पुऱ्याइएछ । राजाले उक्त मूर्तिलाई त्यही स्थापित गर्ने आदेश दिए । यसरी भारतको विन्ध्याञ्चलपर्वतबाट ल्याई यस ठाउँमा स्थापित गरिएको मूर्तिलाई विन्दुवासिनी देवीको नामले चिनिँदैआएको हो ।

पहरियाहरू गरी देवघाट हुँदै पोखरा ल्याई राति त्यही वास बस्ने निधो गरी खाई पिइकन सबै सुते । थाकेकाले भुसुक्कै निदाइहाले ।

रातमा देवीले राजालाई दर्शन दिएर भनिन्– 'मलाई यो ठाउँ पवित्र लाग्यो, मलाई पाँगा नलगे हुन्छ, मेरो मूर्तिलाई यही पवित्र ठाउँमा राखेर दिनदिनै पूजा-आजा गर ।' भरियाहरूलाई यस विषयमा केही थाहा थिएन । किनभने राजा खड्गवम अलि टाढा सुतेका थिए । बिहान हुने बित्तिकै पाँगाकोट जान भनी भरियाहरू जऱ्याकजुरूक्क उठेर मूर्तिलाई उचाल्न लाग्दा एक इञ्च पनि सरेन । भरियाहरू अकमक्क परे । बिलम्व नगरी घटना जाहेर गर्दा राजाले प्रतिमा सोही ठाउँमा स्थापना गरिदिने आदेश दिए ।

अर्को किंवदन्तिअनुसार पोखरा उपत्यका पहिले पानीको तलाउ थियो । तलाउ बीच ढिस्को अर्थात बिन्दुको रूपमा रहेको र अग्लो स्थान जहाँबाट वरपरका ठाउँहरूको दृश्यावलोकन समेत गर्न सकिने भएको हुँदा यसै बिन्दुमा दुर्गा भगवती (देवी) को स्थापना गरिएको हो । योगी नरहरिनाथकाअनुसार सबैको हृदयमा बस्ने बिन्दुस्वरूपा भगवती माता भएकोले बिन्दुवासिनी हुँदै अपभ्रंस स्वरूप विन्ध्यवासिनी भएको हो ।

विन्दुवासिनी देवीकै उत्पत्ति सम्बन्धमा अर्को यस्तो किंवदन्ति पाइन्छ– "एकवखत सिद्धिनारायण शाह (कास्कीका राजा) लाई हिन्दुस्थानका मठमन्दिरहरूको दर्शन गर्न इच्छा भएछ । घुम्दै विन्ध्याञ्चल पर्वतमा पुगेछन् । त्यस बखत मन्दिरको प्राङ्गणमा देवीभगवतीको

तालबाराही मन्दिर

तालबाराही मन्दिर फेवातालको बीचमा करिब ३ मिटर अग्लो भागमा अवस्थित छ । मन्दिर प्यागोडा शैलीको कलात्मक छ । चारतिर भैरव स्थापना गरिएको छ । मन्दिरको छेउमा दुई ठूला घण्ट छन् । दायावायाँ सिंहको ठूलो कलात्मक मूर्तिहरू छन् । मन्दिरको मूलप्रतिमा विशेष पत्थरको छ । कुनै मानव वा पशुपंक्षीको आकृति भएको शिला वा पत्थरलाई देवता मानेर पूजा गर्ने प्रक्रियालाई प्रतीक पूजा भन्ने गरिन्छ । त्यसकारण यो मन्दिरको निर्माण धेरै अगाडि भएको हुनुपर्छ । केही इतिहासकारका

भनाइअनुसार यो मन्दिरको निर्माण वि.सं. १४६७ सालतिर भएको हुनुपर्छ । वि. सं. १८६८ मा पहारी परिवारले नित्य पूजाआजाका लागि १०० मुरी खेतको व्यवस्था गरेका थिए ।

मन्दिरमा एक कलात्मक ढोका र ६ वटा सानाठूला झ्यालहरू छन् । सिंहको मूर्ति नजिकै नेपालको कलात्मक राष्ट्रिय झण्डा राखिएको छ । मन्दिरको छानामुनि (छाना अड्याउन) राखिएको टोकलहरूमा देवीहरूका कलात्मक मूर्तिहरू स्थापित छन् । जसमा बाराही देवी, बालकुमारी, रूद्रायणी, महालक्ष्मी, महाकाली, ब्रह्मायणी, मङ्गलाकाली, नारायणी छन् भने श्री कुमार, श्री गणेश पनि स्थापना गरिएको छ । छानामाथि चारै दिशामा श्री सूर्यनारायणको सुनौला प्रतिमा सजाइएको छ । जुन दुवै छानामा गरी चौसठ्ठी वटा छन् । छानाबाट तलसम्म लत्रिने गरी चाँदी रङ्गका आकर्षक बुट्टा भरिएका चंदुवा राखिएको छ । मन्दिरमा सुनको जलप लगाइएको आकर्षक गजुर छ । मन्दिर वरिपरि बत्ती बाल्नका लागि १०८ वटा पाला र ९२ वटा घण्टी झुन्ड्याइएको छ । मूल बाराहीको देब्रेतर्फ श्री गणेश हुनुहुन्छ भने दाहिनेतर्फ श्री सूर्यको प्रतिमा । विशेषपर्व र नवदुर्गाको अवसरमा सुनचाँदीबाट निर्मित देवीको मूर्ति राख्ने प्रचलन छ ।

साह्रै लोकप्रिय यस शक्तिपीठमा गणेश मन्दिर पनि रहेको छ । मन्दिरद्वारको देब्रेपट्टी दानपेटी रहेको छ । मन्दिर परिसरमा यज्ञस्थल, मौलोस्थल, कार्यालय, विश्रामगृह रहेको छ । मन्दिरको हातमा पानीट्याङ्की र धारा राखिएको छ । त्यस्तै शान्तिका प्रतीक परेवाहरू बस्नका लागि गुँडको पनि व्यवस्था गरेको देखिन्छ ।

मन्दिर परिसर भित्र यात्रुहरू बस्नका लागि बेन्चको व्यवस्था गरिएको छ । चौतारीहरू साजसज्जा गरी राखिएको छ । त्यस्तै भक्तजनहरूको सुविधाका लागि फूलप्रसाद बिक्री स्टल राखिएको छ । मन्दिरमा आउने भक्तहरू परेवा र माछालाई खाना खुवाउने गर्दछन् । नेपाल सरकारले पनि मन्दिरको महिमा बुझेर मन्दिर अंकित रू १ को सिक्का प्रयोगमा ल्याएको छ । यो मन्दिरले अनुपम आनन्दको अनुभूति गराउँदछ । हाल मन्दिरको पुनर्निर्माणको कार्य भैरहेको छ ।❖

-लामपाटन पोखरा

बडा दशैं, तिहार, न्हु दँया भिन्तुना
एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूलाई अनुरोध-

❖ जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।
❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौ महानगरपालिका
वडा नं. -२४
मखन, काठमाडौं

बडा दशैं, तिहार, न्हु दँया भिन्तुना
एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूलाई अनुरोध-

❖ जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।
❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौ महानगरपालिका
वडा नं. १२
टेकु, काठमाडौं



महाभारत कुन्तीको प्रसङ्ग

मोहनप्रसाद आचार्य

महाभारत तथा श्रीमद्भागवतको अध्ययन गर्दा त्यहाँ धेरै वंशका राजा रजौटाहरूलाई देख्न सकिन्छ । जसमध्ये एउटा प्रमुख वंश थियो यदुवंश । यस वंशका प्रसिद्ध राजाहरूमध्ये शुरशेन पनि पर्दछन् । द्वापरयुगका भगवान् कृष्णको सम्बन्ध पनि यसै वंशसँग रहेको देखिन्छ । शुरसेन भगवान् कृष्णका पितामह अर्थात् बाजे पर्दथे । यिनैका प्रथम पुत्रीको रूपमा जन्मेकी कन्याको नाम पृथा राखिएको थियो । शुरशेनको फुपुको छोरा अर्थात् नातामा भाइपर्ने कुन्तिभोज निसन्तान थिए । उनैले पृथालाई गोद लिई लालन पालन गरेको बुझिन्छ । राजा कुन्तिभोजले लालन पालन गरेकै वखतबाट यी बालिकाको नाम पृथाबाट कुन्ती हुन गएको बुझिन्छ । कुन्तिभोजकै घरमा रहँदाको अवस्थादेखि नै सन्त-महत, ऋषिहरू तथा साधुहरूको सेवा सुश्रुषा गर्ने बानी कुन्तिमा पर्न गएको बुझिन्छ ।

कुनै समय महर्षि दुर्वासा राजा कुन्तिभोजको दरवारमा आए । वर्षातको समय समेत गरेर महर्षि दुर्वासा करिव ४ महिनासम्म त्यहि नै बसे । महाभारतको कथामा भने मुनिवर दुर्वासा एक वर्षसम्म बसेको उल्लेख पाइन्छ । पिता कुन्तिभोजले आफ्नी पुत्रीलाई मुनिनरको सेवा सुश्रुषा र पूजा सामग्री तयार पार्ने कार्यमा लगाएका थिए । कुन्ती पनि ज्यादै सहज तरिकाबाट मुनिवर दुर्वासाको सेवा सुश्रुषा पूजा अर्चनामा सहयोग गर्न थालिन् । यो सेवा भाव देखेर दुर्वासा ज्यादै प्रसन्न गए ।

प्रसन्न भएका महर्षि दुर्वासाले कुन्तीलाई एउटा दिव्य मन्त्रको उपदेश दिए । दिव्य मन्त्र प्रदान गरिसकेपछि दुर्वासाले भने- हे कन्या ! यो मन्त्र पढेर तिमीले कुनै पनि देवताको आराधना गऱ्यौं भने ती देवता तिम्रो अगाडि साक्षात् प्रकट हुनेछन् र तिमीलाई तद् देवताकै रूपमा एउटा तेजस्वी पुत्र पनि दिनेछन् । तिमीले पुत्र प्राप्ति गरेपछि पनि तिम्रो कौमार्य नष्ट हुने छैन । यस्तो वरदान दिए पश्चात् महर्षि दुर्वासा त्यहाँबाट प्रस्थान गरे । भविष्यमा कुन्तीको विवाह पाण्डुसँग हुने र विवाह पश्चात् पति पत्नीको सहवासबाट कुनै पनि सन्तान हुने छैन भन्ने कुरा बुझेरै महर्षि दुर्वासाले कुन्तीलाई यो वर प्रदान गरिएको हुनु पर्दछ ।

यता उमेर परिपक्क भै नसकेकी कुन्तीलाई मन्त्रको बारेमा जिज्ञासा हुन थाल्यो । आफू बालिका नै भएको ज्ञान भएन । उनलाई मुनिवर दुर्वासाले दिएको मन्त्र परीक्षा गर्न मन लाग्यो । कुन्तीले मन्त्रलाई आकासतिर हेर्दै आवाहन गरिन् । त्यो बेला आकासमा सूर्य नारायण प्रकाशित भैरहेका थिए । मन्त्रद्वारा आफ्नो आवाहन भएको बुझेर भगवान् भुवन भाष्कर तुरुन्तै एउटा सुन्दर युवकको रूप धारण गर्दै कुन्तीको अगाडि प्रकट भए । प्रकट भएका सूर्यले आफ्नो परिचय दिंदै हे बाले तिम्रो मन्त्रको प्रभावले म यहाँ आएको हुँ र म तिमीलाई एक सुन्दर पुत्र प्रदान गर्ने छु भने । अति डराउँदै काम्दै काम्दै कुन्ती भन्दछिन्- 'हे भगवान् ! अहिले म सानी कन्या नै छु । आफ्ना पिता माताको अधिनमा छु । यस्तो अधर्म कार्य म कसरी गर्न सक्छु ? मैले भूलबस मन्त्रलाई प्रयोग गरें । म माथि यो अपराध नगर्नुहोस् । क्षमा गर्नुस्, क्षमा गर्नुस् ।'

भगवान् सूर्यले सम्झाउँदै भने- 'हे कन्या ! तिमी डराउनु पर्दैन । तिमीलाई कुनै पनि कलङ्क लाग्ने छैन । मेरो संयोगबाट पुत्र प्राप्त हुँदा पनि तिमी कुमारी नै रहनेछ्यौ ।' यो कुरापछि सूर्य नारायणबाट कुन्तीसँग संसर्ग हुन गयो । यो संयोग पश्चात् सूर्य नारायण पनि आफ्नो लोकतर्फ लागे । फलस्वरूप कुमारी अवस्थामै कुन्तीले सूर्य समान अति तेजस्वी सुन्दर बालकलाई जन्म दिइन् । जन्मै अवस्थामा कवच तथा कुण्डल धारण गरेको कुन्तीको यो पुत्रको नाम कर्ण रहन गयो । यही बालक पछि गएर महान् शस्त्रधारी बन्न पुग्यो ।

लोकापवादको डरले गर्दा कुन्तीले त्यस बालकलाई पेटारो अर्थात् सन्दुकमा राखी गङ्गामा लगी प्रवाह गरिदिइन् । गङ्गामा बग्दैआएको वस्तुलाई कुनै अधिरथ नामक सारथीले देख्यो । बग्दै आएको सन्दुकलाई खोलेर भित्र रहेको बालकलाई झिक्यो । सारथीले आफ्नो सन्तान

(पुत्र) बनाउने इच्छाले बालकलाई लिएर आफ्नो घरतर्फ गयो । बालकलाई आफ्नी पत्नी राधालाई दियो । निसन्तान ती दम्पतिबाट त्यस बालकको लालन पालन हुन लाग्यो । राधाद्वारा पालित पुत्र भएकोले बालक राधेय नामले चिनिन गयो ।

यता जब कुन्ती विवाह गर्ने उमेरमा प्रवेश गरिन्, उनका पिताले हस्तिनापुर नरेश पाण्डुका साथ विवाह गरिदिए । पछि मद्र देशका राजाकी पुत्री माद्रीसँग महाराज पाण्डुको दोश्रो विवाह हुन गयो । केही समयपछि अन्धा दाजु धृतराष्ट्रलाई राज्यको भार सुम्पेर महाराज पाण्डु कुन्ती तथा माद्री दुवैलाई साथ लिएर वनतर्फ लागे । ऋषिको श्रापबाट आफ्नो पतिबाट सन्तान नहुने बुझेकी कुन्तीले आफ्नो पतिकै परामर्शमा दुर्वासाबाट प्राप्त मन्त्रको आवाहन गरिन । पहिलो पटक मन्त्रको आवाहन धर्मराजको गरिन् यसबाट युधिष्ठिरको जन्म भयो । पुनः पवनदेवको आराधनाबाट भीमसेन र देवताका राजा इन्द्रको आवाहनबाट अर्जुनलाई जन्म दिइन् ।

यसपछि आफ्नी सौता माद्रीको पनि सन्तान पाउने इच्छालाई पुरा गराउन उनलाई समेत यो मन्त्र प्रदान गरिन् । त्यही मन्त्रलाई ग्रहण गरेकी माद्रीले एकै पटक सूर्यका छोराहरू अश्विनी र कुमारको आवाहन गरिन् । यसैबाट माद्रीद्वारा नकुल तथा सहदेवको जन्म हुन गयो । केहि समय पछि वनैमा महाराज पाण्डुको मृत्यु हुनगयो । माद्रीले आफ्ना दुवै छोरा नकुल तथा सहदेवलाई आफ्नी सौता कुन्तीलाई जिम्मा लगाई सती हुन गइन् । कुन्तीले नकुल तथा सहदेवलाई आफ्नै कोखका सन्तान सरह व्यवहार गरिन् ।

कुन्ती भगवान् श्रीकृष्णकी फुपु भएकोले कृष्णप्रति उनको ज्यादै प्रेम र अनुराग थियो । भगवान् कृष्ण पनि आफ्ना पाँचै फुपुहरूमध्ये सबैभन्दा बढि प्रेम कुन्तीलाई नै गर्नु हुन्थ्यो । श्रीकृष्ण बारबार आफ्नी फुपुको घर जाने, दुःखमा ढाडस दिने, सहयोग गर्ने गर्नुहुन्थ्यो । महाराज धृतराष्ट्रको जेठो छोरो दुर्योधन पाण्डवहरूलाई अनेक षडयन्त्रद्वारा वध गर्न चाहन्थ्यो । यसैको फलस्वरूप दुर्योधनले पाँचै भाइलाई वारणावतको लाक्षागृहमा जलाउने चेष्टागऱ्यो । उसको यो चेष्टा पनि सफल हुन सकेन । पाण्डवहरू त्यहाँबाट वनतर्फ लागे ।

वनमा पनि उनीहरू आफ्नी माता कुन्ती कै पथ प्रदर्शन र सल्लाह मै वसे । पछि षडयन्त्रकारी दुर्योधनले जुवामा बोलाई कपटद्वारा सम्पूर्ण वैभव सहित द्रौपदीलाई पनि जुवामा जित्यो । त्यसपछि सबै पाण्डव भाइहरू द्रौपदीको साथमा १२ वर्ष वनमा र १ वर्ष महाराज विराटकोमा अज्ञातवासमा गए । कुन्ती भने दुर्योधनको निगरानीमा नबसी महाज्ञानी विदुरको घरमा वसिन् । वनबास र गुप्तवास समाप्त गरी पाण्डवहरू हस्तिनापुर फर्किए । १२ वर्षपछि फर्किएका पाण्डवहरूलाई दुर्योधनले केहि पनि नदिने अडान लियो । भगवान् कृष्ण पाण्डवहरूको दूत बनेर हस्तिनापुर गए । उनले धृतराष्ट्र र दुर्योधनलाई धेरै संझाइ बुझाई गर्दा पनि दुर्योधनले पटक्कै मानेन ।

युद्धविना सियोको दुप्पोले चर्तित जमिन पनि नदिने कुरामा अडिक रह्यो दुर्योधन । दुर्योधनको कपट भाव बुझेका श्रीकृष्ण आफ्नी फुपु कुन्ती बसेको ठाउँमा गई उनीसँग सल्लाह गरे । कुन्तीले मेरा छोराहरू वीर छन्, वीर छोराहरू युद्धबाट विमुख हुने छैनन् । युद्ध गर्ने छन् । युद्धबाटै आफ्नो अधिकारको हक स्थापित गर्नेछन् भन्ने जवाफ श्रीकृष्णलाई दिइन् । जस्तो कुन्तीले भनेकी थिइन् ठिक त्यस्तै भयो । युद्धको सुरूवात् भयो । यसै युद्धलाई महाभारतको युद्ध भनिन्छ । यो युद्धमा भगवान् श्रीकृष्ण अर्जुनको सारथी भएर भाग लिएका थिए ।

यो युद्धमा महाराज धृतराष्ट्रका सबै १०० छोराहरू मारिए । युद्धमा १८ अक्षेहिणि भन्दा बढी सेनाहरू मरे । गान्धारी पुत्रहिन बन्न पुगिन् । कुन्तीले गान्धारीलाई सम्झाइ बुझाइ सेवा सुश्रुसा गरिन् ।

आफ्नो जीवनकालमा कुन्तीले धेरै दुःख उठाउनु पऱ्यो । आफ्ना पति रोगी थिए । उनको रेखदेख, पाँच वटै बालकहरूको लालनपालन गर्दै लामो समय बिताउनु पऱ्यो । लाक्षागृहबाट आफ्ना पुत्रहरूको साथ भागेर भिक्षावृत्तिको भरमा जीवन बिताउनु पऱ्यो । सुखको दिन आउला भन्ने समयमा सकुनीको कपटी जुवा र दुर्योधनको कुचक्रमा परी सम्पूर्ण सम्पत्ति सहित जुवामा हार्न पुगेका छोराहरूको चिन्ताले सतायो । पुत्र वनवास गए । त्यो वेला विदुरको घरमा आश्रय लिन पऱ्यो । कुन्तीको जीवनभर दुःखै दुःख पऱ्यो । पाइला पाइलामा विपत्ति आइलागे । त्यति हुँदा पनि कुन्तीले भगवान् श्रीकृष्णको संझनालाई बिर्सिनन् । सदा

सर्वदा भगवान्लाई संभँदै कुन्ती भगवान् श्रीकृष्णसँग यस्तो प्रार्थना गर्दथिन्–

विपदः सन्तु नः शश्वत्तत्र जगद्गुरो ।
भवतो दर्शनं यत्स्यादपुनभवदर्शनम् ॥ (भागवत् १)

कुन्ती भन्दछिन्– 'हे कृष्ण ! हे जगतगुरो ! मलाई सदा विपत्ति मात्र आइरहोस् । किनभने आपत्ति तथा विपत्तिमा मात्र तपाईको दर्शन हुने र त्यही दर्शनबाट फेरि जन्ममृत्युरूपि चक्करमा आउनु नपर्ने भएकोले मलाई दुःख आपत्ति परिरहोस् । आफू वीर क्षेत्रीकी पत्नी एक क्षेत्रियाणी पनि भएकोले कुन्तीमा क्षेत्रियोचित गुण थियो । त्यसैले युद्धको सम्मति भगवान् कृष्णलाई दिएकी थिइन् । लाक्षागृहबाट भागेर वनतर्फ प्रवेश गरेको समयमा कुन्तीद्वारा गरिएको समर्पण र त्याग सम्फन लायक छ । गाउँमा राक्षसद्वारा दुःख दिएको र सबै घरपरिवार राक्षसको आहार बन्न पर्ने चलन बसालेको । कुनै दिन ब्राह्मणको घरबाट राक्षसको आहारा बन्न जाने पालोबाट विचलिलता आएको बुझी राक्षसको आहार बन्न पठाइन् कुन्तीले । भीमसेनबाट त्यो क्रुर राक्षसलाई बध गरी आफ्नो माताकहाँ आएको प्रसङ्गले कुन्तीमा प्रेम र करूणा मात्र होइन त्याग र समर्पण समेत भएको बुझिन्छ ।

कुन्तीले कहिल्यै पनि राज्य भोगको सुख प्राप्त गरिनन् । महाभारत युद्धमा जव पाण्डवहरू विजयी भए राज्यको वागडोर आफ्ना छोराहरूमा आयो त्यसवेला आएको सुखलाई पनि त्याग गरिन् । बरू पुत्रहीन बन्न पुगेका आफ्ना अन्धा जेठाजु धृतराष्ट्र तथा जेठानी गान्धारीको सेवामा समर्पित भई आफ्नो दैनिकी बिताउन लागिन् । जव अन्धाराजा धृतराष्ट्र र गान्धारी महाबुद्धिमान विदुरको सल्लाह अनुसार बाँकी जीवन दण्डकारण्यमा बिताउने निश्चयमा पुगे, कुन्ती पनि उनीहरूकै साथमा बन जाने निश्चयमा पुगिन् ।

आफ्ना छोराहरूले ठूलो पराक्रम गरी प्राप्त गरेको विशाल साम्राज्यको मोह तथा लगावलाई तृण वरावर ठानेर कुन्तीले दण्डकारण्यकै पदचिन्ह अगालिन् । हरेक दुःखलाई पनि सुखको रूपमा हेर्ने, हरेक विपत्तिलाई पनि स्वभाविक ठानी सदैव आफ्नो धर्माचरणमा रहने कुन्तीको स्वभाव थियो । यसैले गर्दा कुन्ती सदैव भगवान् श्रीकृष्णकी प्रिय बन्न पुगिन् । कुनै पनि वेला भगवान्लाई आफ्नो मन अर्पण गर्ने कुन्ती भगवान् श्री कृष्णलाई यसरि संभिन्छिन्

स्वकर्म फल निर्दिष्टां यां यां योनिं व्रजाम्यहम् ।
तस्या तस्या ऋषिकेश त्वयि भक्तिदृढाऽस्तु मे ॥

–(पाण्डव गीता श्लोक १०)

हे हृषिकेश ! म आफ्नो कर्मफल अनुसार जुन जुन योनिमा जन्म लिऔं, त्यही त्यही योनिबाटै तिम्रो भक्ति गर्न सकौं । साथै सदैव गरिरहौं । यसरी सदा भगवान् कृष्णप्रति समर्पित कुन्तीले वन जंगलमा रहँदा पनि भगवान् श्रीकृष्णप्रति कै प्रेममा रत रही वाँकी जीवन विताएको कुरा महाभारत, श्रीमद्भागवत, भविश्यपुराण आदि ग्रन्थबाट बुझ्न सकिन्छ । नारीहरूको इतिहासमा कुन्तीलाई एक साधारण नारीको रूपमा हेर्न सकिन्न । त्याग तपस्या, मातृत्व ममताले गर्दा उनी असाधारण नारी बन्न पुगिन् । नारीहरूको इतिहासमा कुन्तीको स्थान श्रेष्ठ थियो भन्न सकिन्छ । यस्ता नारीहरू विरलै रूपमा पाइन्छन् र देखिन्छन् पनि ।❖

–चाँगुनारायण– ३ न्यौपाने गाउँ, भक्तपुर

सन्दर्भ सामग्री

१. महाभारतः गीताप्रेस गोरखपुर
२. महाभारत कथाः साहित्य मण्डल प्रकाशन, दिल्ली ।
३. श्रीमद्भागवत महापुराण (गीता प्रेस)
४. हंष तथा पाण्डवगीता

बडा दशैं, तिहार, नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरूमा अनुरोध !

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।
❖ पैदल मार्ग र सडक छेउछाउमा निर्माण सामग्री राखी पैदल यात्री र सवारी चालकलाई अवरोध हुने कार्य नगरौं ।

काठमाडौं महानगरपालिका वडा नं. २९
अनामनगर, काठमाडौं

एकादशी व्रतको महत्व तथा विशेष परिचर्चा



दयासागर पराजुली

ज्योतिषशास्त्रमा प्रचलित कालगणनाका नौवटा मानकपद्धतिअनुसार तिथिगणना चान्द्रमानमा आधारित हुन्छ । चान्द्रमानअनुसारको ६० घडी (२४ घण्टा) को अवधिलाई एक तिथि भनिन्छ । सूर्य र चन्द्रमाका बिचमा अंशात्मक अन्तर १२० (डिग्री) बराबरको समयलाई एक तिथि मानिन्छ । एक चान्द्रमासमा कृष्णपक्ष र शुक्लपक्ष गरी दुईपक्ष हुन्छन् । कृष्णपक्षमा प्रतिपदादेखि औंसीपर्यन्त १५ तिथि र शुक्लपक्षमा पनि प्रतिपदादेखि पूर्णिमापर्यन्त १५ तिथि गरी एकचान्द्रमासमा जम्मा तीस तिथिहरू हुन्छन् । शुक्लपक्षको अन्तिम तिथि पूर्णिमा हो भने कृष्णपक्षको अन्तिमतिथि औंसी हो । प्रतिपदादेखि चतुर्दशीसम्मका तिथिका नामहरू दुबैपक्षमा समान हुन्छन् ।

दुबै पक्षमा आउने एकादशी एघारौं महत्त्वपूर्ण तिथि हो । एकादशी तिथिका देवता विश्वदेव मानिनुहुन्छ । कलियुगमा वैदिक क्रियाकर्महरू लोपोन्मुख भई नजाउन् भन्ने अभिप्रायले मानव जातिहरूलाई भक्तिभाव जगाउन व्रतोपवासका लागि स्वयं भगवान्बाट एकादशी तिथि उपयुक्त ठहऱ्याउनु भएको देखिन्छ ।

हाम्रो हिन्दु संस्कृतिमा पराशक्तिको उच्च स्थान छ । विभिन्न दर्शन र सम्प्रदायका आआफ्ना अलग अलग नामका शक्ति र तिनका आश्रय छन् । वैष्णव सम्प्रदायमा राधा र कृष्ण, शैव सम्प्रदायमा शिव र शक्ति उपास्य आश्रयस्थल मानिए । जस्तै वेदान्तदर्शनमा माया र ब्रह्म, साङ्ख्यदर्शनमा प्रकृति र पुरूष यसका आश्रयस्थल मानिन्छन् । प्राणी एक्लै स्वतः कृयाशील हुन सक्दैन । भगवान्का जति पनि सृष्टि छन्, ती सबै प्राणीहरूमा आआफ्नो शक्ति हुन्छन् र तिनीहरू आआफ्ना शक्तिले स्वकीय जीवन सञ्चालन गर्न पूर्ण योग्यसमेत हुन्छन् ।

पौरस्त्यशास्त्रका अनुसार शक्तिरूपाको अर्को नाम देवी हो । भगवान् कृष्णको आत्माशक्ति राधा हुन् । त्यस्तै ब्रह्माको ब्राह्मी, विष्णुको वैष्णवी, महेश्वरको माहेश्वरी हुन् । यसैलाई नै पराशक्ति या देवी शक्ति भनिन्छ । यी शक्तिरूपा देवी नै एकादशी देवी हुन् भन्ने अभिमत समेत पाइन्छ । देवी अर्थात् मातृशक्ति विना यो संसारको सृष्टि चल्न सक्दैन । देवी शक्ति विना जगत् अधुरो हुन्छ । भगवान्ले पनि यही रूपमा जगत् धारण गर्नुहुन्छ ।

एकादशीको उत्पत्ति स्वयं विष्णु भगवान्बाट भएका यथेष्ट प्रमाणहरू पाइन्छन् । कुनै दिन भगवान् विष्णु यमलोक पुगी धर्मराजको आतिथ्य स्वीकार्दै गर्दा नरकबाट पापीहरूको दुःख र पीडाको छटपटी चरमोत्कर्षमा पुगी कोलाहल मच्चाइरहेको आवाज एकाएक भगवान् विष्णुको कानमा गुञ्जियो । त्यसपछि निरीक्षणमा जाँदा उनीहरूको पीडा र कष्ट देखेर करूणाका सागर भगवान् विष्णुको मन पग्लियो । त्यसपछि आफ्ना सृष्टिका प्राणीहरूको उद्धारार्थ आफूलाई तुरून्तै पराशक्ति एकादशी देवीको मूर्तिको रूपमा प्रकट गर्नुभयो । यसको आशय मर्त्यलोकमा नै मानिसहरू एकादशी देवीको उपासना गरेर नरक जानबाट बचून् भन्ने हो । यसबाट यो स्पष्ट हुन्छ कि भगवान् नै वैष्णवी पराशक्ति एकादशी हुन् ।

देवीशक्ति कति शक्तिशाली र महिमायुक्त हुन्छ भन्ने सम्बन्धमा ज्वलन्त उदाहरण भएको अर्को एउटा रोचक कथा पनि छ । सत्ययुगमा चन्द्रावती नगर निवासी मुरू नामक वीर दानवले आफ्नो अपरिमित बलद्वारा इन्द्र आदि सबै दिक्पाल र अन्य देवताहरूलाई आ–आफ्ना राज्यबाट पदच्युत गरी लखेट्यो । यसरी लखेटिएका सबै देववृन्द एकत्रित भई समुद्रजलमा शयन गर्नुभएका भगवान् विष्णुको शरणमा परे । देवताहरूको उद्धारका लागि भगवान् विष्णुले मुरू दानवसँग हजारौं वर्षसम्म युद्ध गर्दा पनि परास्त गर्न सक्नुभएन । उहाँ त्यहाँबाट

अन्तर्ध्यान भई बदरीकाश्रममा पुगी एउटा गुफामा आराम गर्न लाग्नुभयो । सोही बेला पिछा गर्दै गएको मुरू दानव त्यहाँ पुगेर सुतेका विष्णुलाई मार्न तत्पर भयो । तत्कालै भगवान् विष्णुको शरीरबाट शक्तिस्वरूपा दिव्य शस्त्रधारिणी तेजस्वी बलवती एक कन्या उत्पन्न भइन् । अन्त्यमा तिनै कन्यादेवीले अपरिमित बलशाली त्यो मुरू दानवको शिर काटी मारिदिइन् । तिनै विष्णुमूर्ति पराशक्ति नै एकादशी देवी हुन् जसले हरेक पन्ध्र/पन्ध्र दिनमा हामीलाई दर्शन दिनुहुन्छ ।

एकादशी उपवास अर्थात् व्रत गर्नाले विषयवस्तुमा

चलिरहेका मानवजातिका इन्द्रियहहरूलाई भगवान्मा जोडिदिने र यसबाट इन्द्रिय, बुद्धि र कर्ममा शुद्धीकरण हुने हुन्छ । यो नै एकादशीको मूल फल हो । १५ दिनमा १ दिन उपवास गर्नाले शरीर एवम् इन्द्रिय शुद्ध भई घातकरोगसँग पनि लड्न सक्ने रोगप्रतिरोधी क्षमताको वृद्धि हुने कुरा विज्ञानले पत्ता लगाएको छ । एकादशी व्रतको प्रभावका विषयमा अनेक कथाहरू पाइन्छन् । सृष्टिको क्रममा भगवान्ले प्राणीहरूका दमनार्थ एक पापपुरूष रचना गर्नु भएछ । कालो वर्ण र पहेँला आँखा भएको त्यस पापपुरूषलाई प्रत्येक एकादशीमा अन्नमा बस्न आज्ञा गर्नुभएछ । विष्णुको एकादशीमय मूर्तिबाट सुरक्षित रहन त्यो पापपुरूष प्रत्येक एकादशीमा अन्नमा बस्नथालेछ । त्यसैकारणले सो पापबाट बच्न हामीले एकादशीमा अन्न खानु हुँदैन भनिएको हो । अतः एकादशीको उपवास स्वयं आफ्नै हितको लागि भएकाले बाल, वृद्ध आतुर (रोगी) बाहेक सबै समुदाय र सबै वर्णका मानिसले व्रत गर्नु उपयुक्त हुन्छ र यो कुरा स्वास्थ्यका हिसाबले पनि निकै लाभदायक सिद्ध भएको पाइन्छ ।

उपवासकहरू आ-आफ्ना परम्परागत कुल मर्यादाका आधारमा वैष्णव र स्मार्त गरी दुई थरी देखिन्छन् । विष्णु भक्तहरूलाई वैष्णव र ती बाहेक शैव, शाक्तआदि सबैलाई स्मार्त भनिन्छ । वेदनिर्देशित कर्मलाई श्रौत र स्मृतिग्रन्थ निर्देशित कर्म स्मार्तकर्म हो । वेद नै मूल वृक्ष भएकाले ब्राह्मणहरू श्रौत कर्मानुयायी मानिन्छन् तर ब्राह्मण कस्तालाई भन्ने ? यो सन्दर्भमा भने जटिलता देखिन्छ । स्वभावगत शान्त एवं सरलता, वेदाध्यायी, पुराणानुयायी, निराभिमानी, परोपकारी, अद्वेषी, भक्षाभोज्य विचारी र नैष्ठिक व्यक्ति मात्र ब्राह्मण हुनसक्छ । सर्वे भूताः वैष्णवाः भन्ने शास्त्रीय वचनानुसार सम्पूर्ण प्राणीहरू विष्णुका अंश मानिन्छन् । विष्णुका अनुयायी र उपासक नै वैष्णव हुन् । त्यसकारण ब्राह्मण र वैष्णवमा अहङ्कार भयो भने अधोगतिमा जान्छन् । तर अहिले समाजमा ब्राह्मण धर्म र वैष्णव धर्ममा नै उपहास भइरहेकाले विषय अलि बढी नै जटिल बनेको देखिन्छ ।

एकादशी व्रतका दिनहरू प्रायसः स्मार्त र वैष्णव दुवैको एकै दिनमा पर्दछन् त कहिलेकाँही छुट्टाछुट्टै पर्दछन् । एकादशीको व्रत दुईदिनका लागि भएका अवस्थामा कुन दिनमा कसले व्रत गर्ने भन्ने विषयमा विद्वान्हरूका बिच मतैक्य पाइन्न । हाल समाजमा खासगरी स्मार्तहरूले अघिल्लो दशमीले छोएको एकादशीमा व्रत बस्दछन् भने वैष्णव, मुमुक्षु (मोक्षाभिलाषी) र संन्यासीहरूले पछिल्लो द्वादशीले छोएको एकादशीमा व्रतोपवास गर्छन् । गरूडतन्त्रका अनुसार उदयात् प्राक् यदाविप्रो मुहूर्तद्वयसंयुता, सम्पूर्णैकादशी ज्ञेयाः तत्रैवोपवसेत् गृही' अर्थात् सूर्य उदाउनु

भन्दा दुई मुहूर्तपहिलाको समयदेखि नै एकादशीतिथि भएमा त्यसलाई पूर्णतिथि मानेर व्रतीहरूले सोही दिनमा एकादशीको व्रत गर्नुपर्दछ ।

ब्रह्मवैवर्त पुराणका अनुसार सर्वत्रैकादशी कार्या द्वादशी मिश्रिता नरैः, प्रातः भवितुं वा मा वा यतो नित्यमपोषणैः **अर्थात् द्वादशीले युक्त भएको एकादशी नै उपासना गर्न योग्य हुन्छ भन्ने बताइएको छ । यसका अतिरिक्त एकादशीव्रत निर्धारणका विषयमा थुप्रै अन्य प्रमाणहरू पाइन्छन् । तर पनि ईश्वरीय उपासनाको महत्त्व रहने एकादशी व्रतका लागि अघिल्लो वा पछिल्लो दिन जुनसुकै दिनमा पनि गर्न सकिने र भक्तको भावनालाई परमात्माले जहिले पनि प्रेमसाथ ग्रहण गर्नु हुने हुँदा यसलाई श्रद्धापूर्वक ग्रहण गर्नु समुचित हुन्छ । शास्त्रीय वा धार्मिक हिसाबले एकादशी व्रतको महत्त्वलाई नमान्नेहरूका लागि पनि पन्ध्र दिनमा एक पटक निराहार व्रत (उपावास) गर्दा आध्यात्मिक एवम् वैज्ञानिक हिसाबले समेत शरीरलाई हितकर हुने देखिन्छ । उक्तदिन एकादशीतिथिलाई रोजेमा उपासकलाई दोहोरो लाभ मिल्दछ ।**

वास्तवमा वेदादिशास्त्र र विद्वान्हरूका कथनअनुसार स्मार्त र वैष्णव दुबै एकादशीमा स्वरूपगत एकता र महत्त्वगत समानता रहेको छ । पाशुपतभूमि नेपालमा प्रायः शुक्ल यजुर्वेदीय ब्राह्मणहरूको बाहुल्यता पाइन्छ । शुक्ल यजुर्वेदका १०० शाखाअन्तर्गत हाल २ शाखा मात्र प्रचलनमा पाइन्छन् । पूर्वकालमा गुरूवाक्यो जनार्दनः भनेर १०० शाखामा रहने शिष्य प्रशिष्यहरूले आफ्ना वंशज वा गुरूपरम्पराका आधारमा आफूलाई स्मार्त वा वैष्णव एकादशीको व्रत गर्ने गरेको मानिन्छ ।

एक वर्षमा सामान्यतया २४ एकादशीहरू पर्दछन् । अधिकमास परेमा एक चान्द्रमास थपिने हुँदा २ एकादशी तिथिहरू बढ्न गई उक्तवर्षमा जम्मा २६ वटा एकादशीहरू पर्दछन् । अधिकमासमा आउने एकादशीका नामहरू निम्न छन्–

चान्द्रमास (कृष्णपक्ष/शुक्लपक्ष)

१. मार्गशीर्ष कृष्णपक्ष– उत्पत्तिका, मार्गशीर्ष शुक्लपक्ष– मोक्षदा

२. पौष कृष्णपक्ष– सफला, पौष शुक्लपक्ष– पुत्रदा

३. माघ कृष्णपक्ष– षट्तिला, माघ शुक्लपक्ष– भीमा

४. फाल्गुन कृष्णपक्ष– विजया, फाल्गुन शुक्लपक्ष– आमलकी

५. चैत्र कृष्णपक्ष– पापमोचनी, चैत्रशुक्लपक्ष– कामदा

६. वैशाख कृष्णपक्ष– बरूथिनी, वैशाख शुक्लपक्ष– मोहिनी

७. ज्येष्ठ कृष्णपक्ष– अपरा, ज्येष्ठ शुक्लपक्ष– निर्जला

८. आषाढ कृष्णपक्ष– योगिनी, आषाढ शुक्लपक्ष– हरिशयनी

९. श्रावण कृष्णपक्ष– कामिका, श्रावण शुक्लपक्ष– पुत्रदा

१०. भाद्र कृष्णपक्ष– अजा, भाद्र शुक्लपक्ष– हरिपरिवर्तिनी

११. आश्विन कृष्णपक्ष– इन्दिरा, आश्विन शुक्लपक्ष– पापाङ्कुशा

१२. कार्तिक कृष्णपक्ष– रमा, कार्तिक शुक्लपक्ष– हरिबोधिनी

१३. अधिक कृष्णपक्ष– परमा, अधिक शुक्लपक्ष– पद्मिनी

सामान्यत एकादशीको नाम अनुसार तिनका विशेषता जोडिएका हुन्छन् भन्ने विद्वान्हरूको अभिमत पाइन्छ । उदाहरणार्थ पापाङ्कुशा एकादशीको व्रत गर्नाले पापमा अङ्कुश लाग्ने, पुत्रदा एकादशीमा व्रत गर्नाले पुत्र (सन्तति) प्राप्त हुने, अजा एकादशीमा व्रत गर्नाले स्वयं सिद्ध हुने, कामिनी एकादशीमा व्रत गर्नाले मनोकामना पूर्ण हुने मान्यता छ । त्यस्तै, योगिनी एकादशीमा व्रत गर्नाले भगवान्मा सम्मिलन हुने, अपरा एकादशीमा व्रत गर्नाले कहिल्यै पराजित हुनु नपर्ने, रमा एकादशीमा व्रत गर्नाले लक्ष्मीको आशिर्वाद प्राप्त हुने शास्त्रीय मान्यता रहेको पाइन्छ । हरिशयनी एकादशीमा भगवान् नारायण शयन गर्ने, हरिपरिवर्तिनी एकादशीमा शयनावस्थामा रहनुभएका भगवान्ले कोल्टो फेर्ने गर्नुहुन्छ भन्ने मान्यता छ । हाम्रो समाजमा यदाकदा एकादशीको महत्त्व नबुझेर वर्षभरिका समग्र एकादशीमा नाम र फलका आधारमा भेदभाव गर्ने गरेको पनि पाइन्छ । यो सर्वथा त्रुटि हो । सबै एकादशी समान हुन् । शुक्ल पक्षका एकादशी र कृष्ण पक्षका एकादशीको पनि अज्ञानताले फरक मानेर विभेद गर्ने गरेको पाइन्छ । एकादशीको महत्त्वमा शास्त्रमा कुनै भिन्नता छैन । सबै एकादशी आ–आफ्नै महत्त्वले भरिपूर्ण छन् ।

शुक्लपक्षे सूर्यमण्डलात् चन्द्रमण्डलस्य निर्गमरूप एकादशकला कृपा रूपा **अर्थात सूर्य मण्डलबाट चन्द्रमण्डलमा एघारौं कलाको रूपमा कृपारूप भएर स्वयं भगवान् हरिको प्रवेश हुन्छ भने** कृष्णपक्षे सूर्यमण्डले चन्द्रमण्डलस्य प्रवेशरूपं एकादशकला कृपारूपा

चन्द्रमण्डलबाट सूर्य मण्डलमा एघारौं कलाको रूपमा पनि कृपारूप स्वयं भगवान् हरिको नै प्रवेश हुन्छ । ब्रह्म र प्रकृतिका बिचमा तादात्म्य हुँदा एघार सङ्ख्या निर्माण हुने हुँदा 'ब्रह्म + प्रकृति' मिलेर एघारौं कला मानिने एकादशीतिथिको उत्पत्ति हुन गएको हो भन्ने देखिएकाले पनि एकादशीको महत्त्व अपरिमेय देखिन्छ ।

मनुष्य शरीरले ब्रह्मत्व प्राप्त गर्न भोजनादिमा पवित्र हुनु आवश्यक भएकाले त्यसका निमित्त ब्रह्मज्ञान आवश्यक पर्दछ । गुरूको ज्ञानरूपी प्रवचनबाट ब्रह्मज्ञान पाई त्यसबाट मुक्ति प्राप्त हुने हुँदा भगवत् कृपाभिलाषीहरूका लागि एकादशीतिथिमा व्रतोपासनादि कार्य गर्नु जरूरी मानिन्छ । यसबाट नै कैवल्य मुक्ति हुन्छ । शून्यवादी बौद्धहरू संसारलाई शून्य मान्दै आत्माको अस्तित्व स्वीकार गर्दैनन् । तर वैदिक सनातनी हिन्दुधर्मावलम्बीहरू शरीरलाई शून्य मानी शून्यको ज्ञानका लागि आत्मज्ञान गर्दै त्यसबाट ब्रह्मज्ञान अनि त्यसबाट मुक्तिको मार्ग पहिल्याउनेमा विश्वस्त हुन्छन् । यही मुक्तिमार्गको प्राप्तिका लागि हरिको उपासना अर्थात एकादशीको व्रत गर्नु, भजन गर्नु अनि प्रार्थना गर्नु स्तुत्य र वाञ्छनीय समेत देखिन्छ ।

हरिपरिवर्तिनी एकादशीको दुई दिन पूर्व भाद्रशुक्ल नवमीतिथिका दिनदेखि द्वापरयुगमा स्वामी शुकदेवले राजा परिक्षितलाई श्रीमद्भागवत् सुनाउनु भएकोले श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञादि कार्य गर्न गराउन यो समय उत्तम मानिदै आएको समेत पाइन्छ । यस्तै मार्गशीर्ष शुक्लपक्षमा एकादशीका दिनदेखि भगवान्ले श्रीमद्भगवत गीताको प्रवचन सुरू गर्नु भएको मानिन्छ । त्यसैले यसलाई मोक्षदा एकादशी भनिएको हो । यसरी सबै एकादशीका नामका पछाडि शाब्दिक विशिष्टता रहेको देखिन्छ ।

एकादशीको क्रम मार्गशीर्ष कृष्णपक्षबाट शुरू हुन्छ । एकादशी माहात्म्यमा पनि पहिलो एकादशीका रूपमा मार्गशीर्ष कृष्णपक्षको उत्पत्तिका एकादशी उल्लेख गरिएको छ । यसको यथार्थता के हो भने वैदिक युगमा मार्गशीर्ष मासलाई वर्षको प्रथम चान्द्रमास मानिन्थ्यो र यसलाई अग्रहायन भनिन्थ्यो । भगवान् श्रीकृष्णले भगवद्गीतामा मासानां मार्गशीर्षोऽहं भन्ने वाक्यांशमा मङ्सिर महिनालाई प्रिय मानेर बढी महत्त्व दिएकाले पनि तत्कालीन समयमा मार्गशीर्ष प्रथममास हुने गरेको पुष्टि भएको पाइन्छ । गीताको प्रमाणले मार्गशीर्ष महिनालाई प्राथमिकता दिएजस्तै एकादशी महात्म्यमा पनि कृष्णपक्षमा पर्ने एकादशीलाई पहिलो एकादशी भनी उल्लेख गरिनुमा एउटा कथापरक उदाहरण पाउन सकिन्छ । जसअनुसार भगवान् विष्णुको रक्षार्थ स्वयं हरिबाट दिव्यशस्त्रधारिणी अति तेजस्वी बलवती एक कन्या उत्पन्न भई देवताहरूलाई समेत पराजित गरेको अधिक बलवान् मुरू नामक दानवलाई मारिदिइन् । विष्णुमूर्ति पराशक्ति ती कन्या मार्गशीर्ष मासको कृष्णपक्षको एकादशी तिथिमा उत्पन्न भएकीले मार्गशीर्ष कृष्णपक्ष एकादशीको नाम उत्पत्तिका एकादशी रहन गई सो एकादशीबाट क्रम शुरू हुन गएको मानिन्छ ।

एकादशी व्रतविधि

एकादशी उपवासका लागि सामान्यत दशमीकै दिन अर्थात व्रतको अघिल्लो दिनमा नै फलाहार लिई वा शुद्ध भोजन गरी आराम गर्नु पर्छ । व्रतको दिनमा ब्रह्ममुहूर्तमा जागृत भई यथा सम्भव गङ्गास्नान गरी योग, ध्यान, पाठपारायण, भजनकीर्तन गर्ने र यथासम्भव जलपानसमेत नगरेर वा जलादि मात्र पिएर वा फलादि भोजन गरेर, अन्नभोजन नगरेर, निच मानिसहरूको सङ्गत नगरेर, गाई, ब्राह्मण र सन्तचरणको सेवा गरेर, एकादशी माहात्म्य पाठ वा श्रवण गरेर एकादशी व्रतोपवास गर्नुपर्दछ । यस दिनमा व्रतालुले भजनकीर्तन गर्ने, स्त्री–पुरूषसमागम नगर्ने, यथासम्भव रातमा पनि नसुती जाग्राम बस्ने र भोलिपल्ट द्वादशीका दिनमा आफ्ना नित्य कर्म सकेर ब्राह्मणलाई दान दक्षिणा गरेर भोजनादि गराई व्रतको समापन गर्ने गर्नुपर्दछ । खासमा यो नै एकादशीको व्रतविधि हो । यसप्रकार एकादशीव्रत गर्नाले अश्वमेध यज्ञ गरे बराबरको फलप्राप्ति हुने, हजारौं मानिसलाई भोजन गराए सरहको पुण्य प्राप्ति हुने, सयौँ गाई दान गरे बराबरको पुण्यलाभ हुने अनि मुक्तिदान, कन्यादान र विद्यादान गरे बराबरको पुण्यफल मिल्ने लगायतका फलश्रुतिहरू पाइन्छन् ।

सबै एकादशी आफैँमा परमपवित्र छन् । सबैका आआफ्नै महत्त्व छन् । सबै एकादशीको व्रतोपासना गर्नु उत्तिकै आवश्यक हुँदाहुँदै पनि सबैमा व्रत बस्न नसकेमा आषाढशुक्ल एकादशीदेखि कार्तिकशुक्ल एकादशी (चतुर्मास) भित्रका ९ वटा एकादशीमा चाहिँ

एकादशीको व्रत गर्नुपर्छ । त्यति पनि नसक्नेले हरिशयनी, हरिपरिवर्तिनी र हरिबोधिनी यी तीन वटामा त उपवास अनिवार्य गर्नुपर्छ । कसैको लागि त्यो पनि असम्भव भएमा हरिबोधिनीको मान्यता राखी एकै दिनको भए पनि 'एकादशी उपवास नगरी हुन्न' भन्ने शास्त्रीय मान्यता रहेको पाइन्छ । यसरी विशेषतः हरिशयनीमा भगवान् शयन गर्नु हुने, हरिपरिवर्तिनीमा कोल्टो फेर्नुहुने र हरिबोधिनीमा उठ्नु हुने भएकोले विशेषतः यी तीन एकादशी र अर्को महत्त्वपूर्ण पक्ष हरिवासरको विशेष गरिमा छ ।

हरिशयनी एकादशी

भगवान् विष्णु शयन गर्ने एकादशी भएकोले हरिशयनी भनिएको हो । हरिः शेते अस्याम् जुन तिथिमा हरि सुत्छन् भन्ने व्युत्पत्ति (प्रमाण) अनुसार आषाढशुक्लपक्षको एकादशीको नाम हरिशयनी हुन गएको हो । यस तिथिबाट भगवान् विष्णु क्षीरसागरको पिँधमा शेष नागको शैय्यामा सुत्नुहुन्छ भन्ने शास्त्रीय प्रमाण पाइन्छ भने कतै पाताललोकमा पलेटी मारेर बसेका बलिको काखमा भगवान्ले आफ्नो पाउ र क्षीर सागरमा गुँडुल्किएर रहेका शेषनागको पिठ्यूँमा शिरान गरेर शयन गर्नु हुन्छ भन्ने कथन पाइन्छ । ममैका तत्र मूर्तिञ्च वलिमाश्रित्य तिष्ठति, द्वितीया शेषपृष्ठे वै क्षीराब्धौ सागरोऽन्त मे (एकादशी महात्म्य २०/३४) भन्ने एकादशी महात्म्यको प्रस्तुत श्लोकले पनि यही कुराको पुष्टि गरेको देखिन्छ ।

हरिशयनी एकादशीका दिनदेखि चार महिना चतुर्मास व्रत प्रारम्भ हुन्छ । यो व्रत सबै सम्प्रदायले गर्नुपर्ने शास्त्रीय निर्देश पाइन्छ । प्राय हिन्दुधर्मावलम्बीहरूले चतुर्मास व्रत लिएको पाइन्छ । यो चतुर्मास व्रत गर्ने व्रतालुहरूले नियमपूर्वक भगवान् विष्णुको आराधना गर्नुपर्दछ । व्रतालुहरूले यो चार महिना लसुन, प्याज, माछा, मासु, भटमास, मुला, मुसुरो, कोदो आदि वस्तुहरू प्रयोग गर्नु हुँदैन भन्ने मान्यता छ ।

हरिशयनी एकादशीका दिनबाट व्रतालुहरूद्वारा भगवान्को शक्तिस्वरूपा तुलसी रोपण गरी भगवान्को मूर्तिरूपी आवरणलाई स्थापना गर्दै ४ महिनासम्म पूजाआराधना गरिन्छ । यसलाई शयनोत्सव भनिन्छ । शयन गर्दा यथाशक्य कुनै रत्न, सुन वा चाँदीको प्रतिमा बनाई पवित्र चिज पाएमा गाईको दुध, दही, घिउ, गङ्गाजल आदिले स्नान गराउनुपर्छ । त्यसपछि पहेँलो वा सेतो कपडामा सुताउनु पर्छ । विधिपूर्वक पूजाआरती गरी फूलहरू चढाई धुप दीप नैवेद्य आदि समर्पण गरेर यथासम्भव सेतो वा पहेंलो कपडा ओढाई चौमास अवधिभर व्रतोपवास ग्रहण गरेर कार्तिक शुक्लएकादशी अर्थात् हरिबोधिनी एकादशीका दिनमा मात्र व्रतको समापन गर्नु पर्छ । अनुराधा नक्षत्रको पहिलो पाउमा भगवान् विष्णुको

शयन हुने भएकाले शयनोत्सव मनाउँदा अनुराधा नक्षत्र नै हुनुपर्दछ । उक्त मुहूर्त एकादशी वा द्वादशीतिथिमा पर्ने भएकाले जुन दिनमा त्यो मुहूर्त पर्दछ सोही दिनमा शयनोत्सव मनाउनु पर्छ भन्ने शास्त्रीय विधान प्रचलित छ ।

हरिपरिवर्तिनी

हरिशयनीका दिन सुत्नु भएका भगवान् विष्णुले ठिक दुई महिना पुग्दा परिवर्तिनी अर्थात् हाम्रो प्रचलित भाषामा कोल्टो फेर्ने काम गर्नुहुन्छ भनिन्छ । यस दिन गरिने उत्सवलाई परिवर्तनोत्सव अर्थात् कोल्टो फेर्ने उत्सव भनिन्छ । भगवान्को मूर्तिरूपी आवरणलाई कोल्टो फेराएर विधिवत् माथि उल्लेख भए झैँ स्नान, पूजाआराधना, धुपदीप, नैवेद्य सबै गर्नुपर्दछ । यो विधि नै परिवर्तनोत्सव हो । श्रवण नक्षत्रको बिचको समय वा मध्यभागमा भगवान्ले कोल्टो फेर्नुहुने भएकाले यो उत्सव गर्दा त्यही समय वा अवधिमा गर्नुपर्दछ । त्यो एकादशी वा द्वादशी जुन दिनमा पर्दछ त्यो समय नै ग्राह्य हुन्छ ।

हरिबोधिनी

'हरिबोधिनी' भन्नाले सर्वेश्वरलाई सबै ज्ञान छ, हामी व्रतालुहरूको रक्षा गर्नुहोस्' भन्न खोजिएको हो भन्ने कतिपय विद्वान्हरूको मत पाइन्छ । बोधिनी भन्नाले भगवान् जाग्राम हुनुहुन्छ भन्ने हो । भगवान् विष्णु शयनावस्थाबाट जागृत हुने तिथि नै कार्तिक शुक्ल एकादशी भएर हरिबोधिनी एकादशीका नामले प्रख्यात भएको मानिन्छ । यसलाई हरिप्रबोधिनी एकादशी पनि भनिन्छ । आषाढ शुक्ल पक्ष एकादशीमा शयन गर्नु भएका भगवान् दुई महिनापछि कोल्टो फेरेर पुनः दुई महिनापछि प्रबोधिनीमा जागृत हुनुहुन्छ ।

आषाढ शुक्लएकादशीको शुभमुहुर्तमा स्थापना गरिएको भगवान् विष्णुको मूर्तिरूपी आवरणलाई चार महिनासम्म विधिपूर्वक पूजाआराधना गरी कार्तिक शुक्लएकादशी अर्थात् हरिबोधिनी एकादशीका दिनमा शक्तिस्वरूपा तुलसी र प्रतिमारूपी विष्णु भगवान्को मूर्तिलाई बाजागाजासहित तुलसीको सानिध्यमा राखी विवाह विधिले पूजा गरी तुलसीरूपी राधालाई दामोदराभ्याम् नमः भनिकन समर्पण गरेर यथाशक्य रथयात्रा गराउनु भन्ने मान्यता पनि छ । यसरी भगवान्को प्रबोधनोत्सव मनाउँदा रेवती नक्षत्रको अन्तिम चरण एकादशी वा द्वादशी जुन दिनमा पर्छ सोही दिन र समयमा नै उत्सव मनाउनु पर्ने शास्त्रीय मान्यता रहिआएको छ ।

प्रबोधनोत्सव हरेक हिसाबले रमाइलो र महत्त्वपूर्ण हुन्छ । भगवान् जागृत हुँदा आकाश सफा हुने, दिशा निर्मल हुने, शारदीय शोभाबर्धक लतापुष्पहरू ढकमक्क

फुल्ने जस्ता प्राकृतिक मनमोहकता यत्रतत्र देखापर्दछ । कार्तिक शुक्लएकादशीको दिनका विषयमा एउटा अत्यन्त रोचक कथा पनि छ । कुनै समयमा शत्तसुर नामक दानवले इन्द्रादि देवताहरूलाई जितेर तीनै लोकको राज्य गरेपछि पराजित इन्द्रादि देवताहरू हिमालय पर्वतका गुफाहरूमा लुक्न गएछन् । त्यसबखत देवताहरूसँग वेदको बल देखेर शत्तसुरले वेदमन्त्रहरू नै हरण गरेर लगेछ । त्यसक्रममा वेदमन्त्रहरू आफ्ना शक्तिले दानवबाट फुत्केर समुद्र र विभिन्न नदीका जलका अणुमा लुप्त भएर रहे । त्यसपछि शक्तिशाली वेदमन्त्रहरू प्राप्त गर्न नसकेर त्यो शत्तसुर दानव दुःखी भयो ।

यता इन्द्रादि देवताहरूले आफ्नो सङ्कट नाश गराउनका लागि समुद्रमा शयन गर्नुभएका भगवान् विष्णुको स्तुति गरेर जगाए । संयोगवस त्यो दिन कार्तिक शुक्लएकादशी र रेवती नक्षत्रको अन्तिम चरण पर्न गएको थियो । त्यसैले विष्णु जाग्राम हुनुभएको त्यो दिन नै अत्यन्त पवित्रतम मानिन गयो । त्यसपछि भगवान् विष्णुले

शत्तसुर दानवलाई मारेर वेदको उद्धार गरेर ऋषिहरूलाई दिँदै कात्तिक महिनाभर वेदहरू जलमा रहने वरदान पनि दिनुभयो । कात्तिक महिनामा वेदहरू नदी, समुद्र र छहराहरूका पवित्र जलमा रहने हुँदा ती स्थानको जल यस अवधिमा विशेष पवित्रतम हुन्छ । त्यसैले पनि कात्तिक महिनाभर नदीहरूमा स्नान गर्नाले बढी पुण्य मिल्दछ । सो एकमहिना समयभर सम्भव नभए पनि प्रबोधिनी एकादशीको दिनमा गङ्गास्नान गर्नु वाञ्छनीय छ जसबाट अत्याधिक पुण्यप्राप्ति हुने कुरा शास्त्रहरूमा वर्णित छ ।

हरिवासर

यदाकदा एकादशीका साथै द्वादशीतिथिसमेत उपवासका लागि योग्य मानिने विशेष योग पर्दछ । त्यहि योगविशेषको दिन नै हरिवासर हो भन्ने मान्यता छ । हरिवासरको अर्थ हरेः वासरः अर्थात् भगवान् श्रीहरिको दिन भन्ने हो । एकादशीको दिनलाई नै हरिवासर भनिन्छ । हाम्रो चलनचल्तीमा यसलाई हरिवासरी पनि भन्ने गरिन्छ । हरिशयनी, हरिपरिवर्तिनी र हरिबोधनी एकादशीको भोलिपल्ट अर्थात् द्वादशीका दिनमा क्रमशः अनुराधा, श्रवण र रेवती नक्षत्र परेर द्वादशी र ती उक्त नक्षत्रको योग द्वादशीतिथिभर पऱ्यो भने हरिवासर योग पर्न जान्छ । त्यसरी हरिवासर योग परेमा एकादशी तथा द्वादशी दुबै तिथिमा उपवास गर्नुपर्छ । तर उल्लेख्य योग एकादशीका दिनमै पर्न गएमा एकादशीका दिनमा मात्र उपवास गर्नु पर्दछ ।

तीन एकादशीमा पर्न जाने हरिवासरयोग मध्ये हरिपरिवर्तिनी एकादशीमा पर्ने हरिवासरयोगलाई उच्चतम महत्त्व दिइएको छ । हरिपरिवर्तिनीमा पर्ने हरिवासरयोगको अर्को महत्त्वपूर्ण पक्ष पनि पाइन्छ । यदि कसैले शारीरिक अशक्तताका कारणले वा विविध कारणवश १२ महिनाका एकादशीको व्रत बस्न नसक्दा वर्षभरमा एकदिन मात्र उपवास बसेर सबैको फल दिने पवित्र दिनका रूपमा शास्त्रकारहरूले हरिपरिवर्तिनीको भोलिपल्ट भाद्र शुक्लद्वादशीका दिनमा श्रवण नक्षत्र भई बन्न गएको हरिवासरयोगको व्रतोपवासलाई सर्वोपरी हुने बताएका छन् । यसरी हेर्दा श्रवण नक्षत्र परेको भाद्रशुक्ल द्वादशीले वर्ष दिनका सम्पूर्ण एकादशी र द्वादशीको फल दिन्छ । श्रवण नक्षत्र मात्रै भएमा पनि हरिवासर हुन्छ भने श्रवण नक्षत्र र बुधवारसमेत परेमा अत्युत्तम हरिवासरयोग हुने कुरा शास्त्रहरूमा वर्णित छ ।

हरिवासरयोग पर्दा एकादशी र द्वादशी दुबै दिन उपवास गर्नु पर्ने तर दुई दिन लगातार व्रत गर्न कठिनाइ हुने हुँदा एक दिनमात्र उपवास बस्नु परेमा हरिवासर अर्थात् द्वादशीमा व्रत गर्नु पर्दछ । एकादशी र द्वादशी तिथिका देवता विष्णु हुनु भएकाले एकादशीलाई भगवान् विष्णुको शरीर र द्वादशीलाई मन, मुटु वा आत्मा मानिन्छ । व्रतमध्येमा एकादशी व्रत सर्वोपकारी मानिन्छ । त्यसकारण 'व्रत गर्नू एकादशी तीर्थ जानू काशी' भन्ने लोकोक्ति समेत प्रसिद्ध बन्न पुगेको देखिन्छ ।

एकादशी तिथिलाई हाम्रा शास्त्रहरूमा विशेष महत्त्वका साथ हेरिनुका पछाडिका गहन कारण लुकेको पाइन्छ । एक ब्रह्म र एक प्रकृति मिल्दा एक/एक समागमबाट ११ तिथि (एकादशी) हुन पुगेको पाइन्छ । त्यस्तै एकादशी तिथि वास्तवमा हरिवासरः वा हरिदिनम् भएकाले पनि एकादशीलाई उत्तमतिथि मानिएको हो । त्यस्तै एक (१) + दश (१०)=११ अर्थात् एक (ब्रह्म) र दश (पूर्णरूप) = एकादशी बन्ने हुँदामा होस् वा हाम्रा शरीरमा रहेका हाम्रा पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय र एक मनको संयोगबाट बन्नजाने सङ्ख्या ११ (५+५+१=११) नै एकादशीको पहिचायक भएकाले केवल नामका आधारमा मात्रै पनि एकादशीको महत्त्व अत्यधिक देखिन्छ । त्यस्तै यस्तो महत्त्वले भरिपूर्ण एकादशीमा व्रतोपवास गर्नाले अश्वमेध यज्ञ गरे समान पुण्य प्राप्ति हुने, हजारौ मानिसलाई निस्वार्थ भावनाले प्रेमपूर्वक भोजन गराए सरह पुण्यदायी, सयौँ गौदान, पर्याप्त भूमिदान, कन्यादान, विद्यादान गरेसमान पुण्यप्रद, शारीरिक एवं मानसिक रोगहरूबाट निवृत्ति, देहविश्राम पश्चात् भगवत् मिलन, अविच्छिन्न सन्ततिवृद्धि, पूर्वजन्मका पापनाश, अज्ञानमा ज्ञानप्रवाह, पवित्र कामनाकासाथमा भगवत् प्रार्थना वा पुकारा भएमा तत्काले अभिलाषापूर्ति हुने कुरा वेदादिशास्त्रमा सविस्तार वर्णन गरिएकाले एकादशी व्रतोपवासको महत्त्व अवर्णनीय रहेको स्वतः सिद्ध हुन आउँछ । अतः सबै सनातनीहरूले एकादशीको व्रत गर्नु आवश्यक छ ।❖

-गैडाकोट (नारायणी नदीको समीप), नवलपरासी

उत्तरवाहिनीमा धार्मिक महामहोत्सव

गण्डकी र लुम्बिनी प्रदेशको सीमानामा पर्ने उत्तरबाहिनी क्षेत्रमा कालीगण्डकीको महिमालाई विश्वभर चिनाउने उद्देश्यले धार्मिक महामेला धर्मोत्सव आरम्भ गरिएको छ । गत असोज २१ गतेबाट शुभारम्भ गरिएको महामेला धर्मोत्सब १९ कात्तिकसम्म सञ्चालन हुनेछ । धार्मिक रूपमा महत्त्वपूर्ण मानिएको उत्तरबाहिनी क्षेत्रलाई विश्वभर चिनाउन यहाँ स्थापित कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानले महामेला धर्मोत्सवको आयोजना गरेको हो । स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुंगा र पाल्पाको रम्भा गाउँपालिका-१ असेदर्दीको संगमस्थल उत्तर बाहिनी क्षेत्र (कालीगण्डकी तट) मा महामेला सुरू गरिएको हो । विशेषगरी नदीहरू उत्तरप्रवाह हुनु दुर्लभ मानिन्छ भने धार्मिक र वैज्ञानिक दृष्टिकोणले यस्ता नदीहरू महत्त्वपूर्ण मानिन्छन् ।

प्रतिष्ठानका अध्यक्ष चैतन्य कृष्णका अनुसार धार्मिक रूपले निकै पवित्र मानिने र एकमात्र शालिग्राम पाइने कालीगण्डकी नदी त्यसमा पनि उत्तरतर्फ बगेको क्षेत्र भएकाले झनै पवित्र हुने हुँदा यसको प्रचारप्रसारमा सहयोगी भूमिका खेल्ने उद्देश्यले एक महिने 'उत्तर गण्डकी महामेला दामोदर धर्मोत्सव-२०८२' सञ्चालन गरिएको हो ।

यहाँ प्राकृतिक रूपमा ' ॐ ' लेखिएको चक्रशिलाको दर्शन, साढे ३ किलोमिटरको दूरीसम्म उत्तरतर्फ भएर बगेकी कालीगण्डकीमा स्नान, भगवान् शिवको २० फिट अग्लो सालिकको दर्शनका साथै कालीगण्डकीकै जलको १ सय ८ धारामा नुहाउनेलगायतको व्यवस्था मिलाइएको छ । १८ पुराण, सहस्र चण्डीपाठ अनुष्ठानको सुन्दर अवसर एवं सवा लाख शालिग्रामको दर्शन गर्न पाइने भएकाले पनि महामेलामा सहभागी हुनुले ठूलो अर्थ राख्ने आयोजकको भनाइ छ । यो धार्मिक मेलामा झन्डै १ करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

धर्मोत्सवका लागि हरिद्वारलगायतका नेपाल र भारतका विभिन्न स्थानबाट प्रसिद्ध सन्तगुरुहरू कालीगण्डकी तटमा आइपुग्ने र सहभागी हुने भक्तजनलाई देवघाट, रुरूक्षेत्र, सेतीवेणी शिला, मुक्तिनाथलगायतका तीर्थस्थल दर्शनको व्यवस्था मिलाइएको आयोजकले जनाएको छ । महामेलाको गल्याङ नगर प्रमुख गुरूप्रसाद भट्टराईले शुभारम्भ गर्नुभएको थियो ।

तिहार पछि छठ पर्वको रौनक

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व यस वर्ष कात्तिक ८ गते शुरू भइ १० गते समापन हुने भएको छ । छठ पर्वको मुख्य कात्तिक १० गते साँझ अस्ताउँदो सूर्यलाई पूजा-आराधना गरी अर्घ्य दिएपछि व्रत समापन हुने छ ।

कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ । दोस्रो दिन कार्तिक शुक्ल पञ्चमीमा सखर हालेर बनाइएको खिर (खरना) षष्ठी मातालाई चढाई व्रतालुले प्रसादस्वरूप खाने र नुन नखाई एक छाक फलाहार गरिन्छ । यो पर्वको मुख्य दिन कार्तिक शुक्ल षष्ठीका दिन कठोर निराहार व्रत गरी बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिने र भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि यो व्रत समापन गरिन्छ ।

ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रोपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो । त्यस समयमा पाण्डवहरू विराट राजाको दरबारमा वास बसेको उल्लेख छ । लोककथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो । सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही वेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरूवात भएको तथ्य सूर्य पुराणमा उल्लेख छ ।

बडा दशैं, तिहार, न्हु दँया भिन्तुना
एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडाबासीहरुलाई अनुरोध-

- जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
- समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

काठमाडौ महानगरपालिका
वडा नं. ५
हाँडीगाउँ, काठमाडौं

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- ❖ पर्याप्त संख्या र नियमितरूपमा सवारीसाधन सञ्चालन गरौं,
- ❖ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- ❖ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ❖ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- ❖ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- ❖ मादक/लागू पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं !

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन वोर्ड

शुभ तिहार २०८२ को हार्दिक शुभकामना!

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

नेपालीहरुको महान् चाड
शुभ तिहार, नेपाल संम्वत ११४६ तथा
छठ पर्वको पावन अवसरमा
समस्त ग्राहकवर्गमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं।

त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं । फान नं. ४२५११९८४

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

बडा दशैं तिहार नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को

हार्दिक शुभकामना !

वडाबासीहरूमा अनुरोध

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

❖ पैदल मार्ग र सडक छेउछाउमा निर्माण सामग्री राखी पैदल यात्री र सवारी चालकलाई अवरोध हुने कार्य नगरौं ।

काठमाडौं महानगरपालिका वडा नं. १८
नरदेवी, काठमाडौं

बडा दशैं तिहार नेपाल सम्वत् ११४६ तथा छठ पर्व २०८२ को

हार्दिक शुभकामना !

वडाबासीहरूमा अनुरोध

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ-सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ समयमा नै कर तिरी असल र सभ्य नागरिकको परिचय दियौं ।

❖ पैदल मार्ग र सडक छेउछाउमा निर्माण सामग्री राखी पैदल यात्री र सवारी चालकलाई अवरोध हुने कार्य नगरौं ।

काठमाडौं महानगरपालिका वडा नं. १९
दमाइटोल, काठमाडौं

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

सफलताको १८ वर्ष पुरा

Ever Permeating and Pervading to New Scale of Height of Prosperity

स्थापनाको १८ औं वर्ष पुरा गरी १९ औं वर्ष प्रवेश गरेको यस विशेष अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्ने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस विशेष अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np